# कार्यक्रम

१. सभारम्भ मङ्गलधुन

२. मदन पुरस्कार गुठीका अध्यक्षबाट स्वागत ............................. ३

३. म.पु.गुठीका अध्यक्षबाट पुरस्कार अर्पण

४. श्री लीलामणि पौड्यालबाट विद्वद्प्रवचन ................................ ५

५. 'जगदम्बा-श्री'द्वारा सम्मानित श्रीमती अङ्गूरबाबा जोशीको उद्‌गार.....१८

६. 'मदन पुरस्कार'द्वारा सम्मानित 'खुशी'का स्रष्टा
श्री विजय कुमारको उद्‌गार............................................ २७

७. क.दी.का पुस्तक समर्पण

८. धन्यवाद ज्ञापन : गुठीका सदस्य-सचिवबाट...........................३५

९. सभा विसर्जन तथा जलपान

# गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितद्वारा स्वागत भाषण

**ॐ असतोमा सद्‌गमय तमसोमा ज्योतिर्गमय मृत्योर्मा अमृतं गमय**
**ॐ शान्तिः ! शान्तिः ! शान्तिः !**

**आदरणीय लीलामणि पौडेलज्यू, आजका 'ब्यौलाद्वय' श्रीमती अङ्‌गूरबाबा जोशी तथा विजय कुमारज्यू, उपस्थित सज्जन तथा भद्र महिलाजन,**

नवरात्रका कुनैदिन हामीले गर्ने गरेको यो समारोह भारतीय नाकाबन्दीले गर्दा गर्न पाइएन र डेढ महिना पछि बल्ल आज गर्न लागेका छौं। अझै स्थिति सहज भएको छैन तापनि तपाईंहरू आइदिएर हामीलाई उत्साह प्रदान गर्नुभएको छ, धन्यवाद! अब स्वर्गनिवासी जनरल मदन र रानी जगदम्बाको स्मरण गर्दै रातो बङ्गला स्कूलको यस सभास्थलमा म तपाईंहरू सबैलाई अभिवादनपूर्वक न्यानो स्वागत निवेदन गर्दछु।

लीलामणिज्यू, २० वर्ष जति अघि केही समय मलाई तपाईंसँग सहकार्य गर्ने सौभाग्य प्राप्त भएको थियो। त्यस बेलाको मीठो सम्झना मैले अझै पनि मनमा सँगालीराखेको छु। आज एक पल्ट फेरि तपाईंका साथ व्यासमा सँगै बस्ने अवसर जुटेकोमा म गौरवान्वित भएको छु। मदन पुरस्कारको समारोहमा पहिलो पटक पाल्नुभएको छ। म तपाईंलाई हार्दिक स्वागत गर्दछु।

आदरणीय विदूषी अङ्‌गूरबाबा जोशीज्यू, तपाईंलाई आज यस आयोजनामा स्वागत गर्न पाउँदा मलाई गौरवबोध भैरहेको छ किनभने तपाईंको उपस्थिति नै ऐतिहासिक भएको छ हाम्रा लागि। २०१३ सालको विज्ञानतर्फको मदन पुरस्कार तपाईंका श्रीमान् डा. बलराम जोशीलाई प्रदान गरिएको थियो। तर २०१४ सालको नौरथामा भएको सो पुरस्कार

समारोहमा तपाईंहरू दम्पत्ती नै बेलाईतमा हुनुभएकोले सो पुरस्कारको रौप्य प्रमाण पत्र र नगद डाक्टरसाहेबका मुमा चन्द्रकान्ता जोशीलाई रानी जगदम्बाले हस्तान्तरण गर्नुभएको थियो। त्यसको ५८ वर्षपछि उही रानीसाहेबका नाममा स्थापित पुरस्कार जगदम्बा-श्री द्वारा आज हामी तपाईंमा सन्मान अर्पण गर्दैछौँ। यसरी पति-पत्नीका नामका पुरस्कारहरू अर्का पति-पत्नीमै समर्पित गरेको उदाहरण संसारमा अन्त कतै छैन होला। यो ऐतिहासिक अवसर हामीलाई तपाईंहरूले प्रदान गर्नुभएको छ। म तपाईंलाई कृतज्ञता सहितको स्वागत गर्दछु।

सन्मानित विजय कुमारजी, तपाईंले अर्कै प्रकारले इतिहास रचिदिनुभएको छ हाम्रा लागि यसपाला। अघिअघि धेरैजसो मदन पुरस्कार प्राप्त गरेपछि 'सेलिब्रिटी' बन्नुहुन्थ्यो हाम्रा 'ब्यौलाहरू'। यस वर्ष भने आफै 'सेलिब्रिटी' भैसकेका तपाईं आइदिनुभो "खुसी" लिएर ! म तपाईंलाई अभिनन्दन गर्दै स्वागत जनाउँछु।

यस्तो विद्वत् समाज उपस्थित भएको अवसरमा मलाई आज अर्को एउटा कुरा पनि बताउन मन लाग्यो। गत पचास वर्षदेखि हाम्रा पुरस्कारलाई लाग्दै आएको एउटा आरोप छ- 'यो पारदर्शी भएन' भन्ने। त्यसलाई अलि मत्थर पार्न अब हामीले प्रत्येक वर्ष मदन पुरस्कारका लागि भनी प्राप्त भएका ग्रन्थहरूबाट प्रारम्भिक छनोट ('शर्टलिष्ट') गरी दश या बाह्र ओटाका नाम मनोनीत या 'नोमिनेट' गरिदिने निधो गरेका छौँ। ती मनोनीत मध्येबाट छानी पछि गुठीले पुरस्कार घोषणा गर्नेछ। यत्ति।

उपस्थित सभ्यगण, तपाईंहरूको गरिमामय उपस्थितिले यो सभास्थल उज्यालो भएको छ। म तपाईंहरू सबैलाई धन्यवादसहितको स्वागत गर्दछु।

सबैको जय होस् !

# श्री लिलामणि पौड्यालज्यूको विद्वद्-प्रवचन,

**यस गरिमामय सभाका अध्यक्षज्यू, उपस्थित श्रद्धेय मान्यजनहरू, पुरस्कृत व्यक्तित्वद्वय अङ्गूरबाबा जोशीज्यू तथा विजय कुमारज्यू।**

सर्वप्रथम आज पुरस्कृत हुनुभएका व्यक्तितत्वहरू श्रद्धेय अंगुरबाबा जोशी तथा विजयकुमार पाण्डेज्यूलाई हार्दिक बधाई दिन्छु। करिब ६० वर्षपहिले सर्वप्रथम कविशिरोमणि लेखनाथ पौड्याल र पश्चातका ऋण्डै ६ दशकहरूमा नेपाली भाषा साहित्यका अनेक शिखरपुरुषहरूबाट सुशोभित र गर्वित हुँदै आएको मदन पुरस्कारको यस गरिमामय समारोहमा निम्त्याउनु भई मलाई मनका केही कुरा राख्ने सुअवसर दिनुभएकोमा मदन पुरस्कार गुठी परिवारलाई हार्दिक धन्यवाद दिन्छु। यस गुठीको स्थापनाकालदेखि जीवनपर्यन्त नै कुशल नेतृत्व दिने सरदार नरेन्द्रमणि आ.दी.को स्मरण गर्दै आधा शताब्दीभन्दा लामो समयदेखि यस पुरस्कार गुठीको पवित्रता र गरिमा जोगाउँदै यसको श्रीवृद्धि गर्न निरन्तर खटिरहनुभएका शिखर व्यक्तितत्व कमलमणि दीक्षितलाई हार्दिक बधाई ज्ञापन गर्दछु। यस अवसरमा यस पुरस्कारको आधार तथा प्रेरणा र उदात्त भावना एवं उदार हृदयकी धनी स्व. रानी जगदम्बामा पनि हार्दिक श्रद्धासुमन अर्पण गर्दछु।

हाते टेलिफोनमा अपरिचित स्वरबाट मलाई मदन पुरस्कार समारोहमा आमुख वक्ताका रूपमा  जिम्मेवारी दिइएको खबर पाउँदा सुरुमा मलाई पत्याउनै गाह्रो भयो। कविशिरोमणिका साथै बालकृष्ण सम, सूर्यविक्रम

ज्ञवाली, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, यदुनाथ खनाल, सत्यमोहन जोशी, मदनमणि दीक्षित, वैरागी काइँला, विलियम वर्क, भवानी भिक्षु, शंकर लामिछाने, वासुदेव त्रिपाठीलगायतका मूर्धन्य व्यक्तित्वहरूले आफ्ना कालजयी उद्‌गारहरू दिइसक्नुभएको यस्तो समारोहमा मलाई निम्त्याउनुको कारण खुट्याउन पनि सकिनँ। ९७ वर्षको दीर्घ उमेरमा पनि साहित्य साधनामा समर्पित भइरहनुभएका राष्ट्रकवि माधव घिमिरे, यस पुरस्कारबाट तीन तीन पटक सम्मानित भइसक्नुभएका शताब्दीपुरुष सत्यमोहन जोशी र साहित्य साधनामा झन्डै ८ दशक बिताउनुभएका मदनमणि दीक्षित जस्ता उच्च कदका व्यक्तितत्वहरू हाम्रा सामु रहेको वर्तमान कालखण्डमा साहित्य र संस्कृतिका क्षेत्रमा देखाउन लायक कुनै काम नगरेको र प्रशासन जस्तो नीरस एवं शुष्क पेसामा आफ्नो सम्पूर्ण समय र सामर्थ्य खर्चेको म एक पेसाकर्मी मात्र हुँ भन्ने जान्दाजान्दै पनि यस गरिमामय सभाको वक्ताको रोहमा दरिने लोभले गह्रुँगो निम्तालाई स्वीकार गरेको हुँ। म भन्दा कुनै न कुनै रूपमा भाषा साहित्य र संस्कृतिका क्षेत्रमा यस सभामा उपस्थित सबै महानुभावको योगदान र ज्ञान बढी छ भन्ने मेरो आँकलन छ। यस्तो सभामा साहित्य र संस्कृतिका बारेमा बखान गर्नु शोभा दिँदैन भन्ने जान्दाजान्दै पनि आमुख बक्ताको जिम्मेकारी स्वीकारेर तपाईंहरूका सामु यसरी उपस्थित भइसकेपछि मैले केही न केही त बोल्नै पर्छ। तसर्थ म मेरा केही अनुभूतिहरु यहाँ राख्न चाहन्छु।

आदरणीय महानुभवाहरू! मैले माथि सम्बोधन गर्ने क्रममा सभाध्यक्ष र पुरस्कृत व्यक्तित्वबाहेक अरूलाई छुट्टै सम्बोधन नगर्नुको कारण छ। हिजोआज सभासमारोहहरूमा भरिया नै खोज्नुपर्ने गरी खादाको भारी लादिदिने, कृत्रिम मर्यादाक्रमको सूची बनाएर त्यसैका आधारमा श्रोतादीर्घामा भन्दा मञ्चमा बढी मान्छेहरूलाई आसनमा बसिसके पछि उठाएर पालैपालो, र कहिलेकाहि त सभा सकिनै लाग्दासम्म पनि, आसन ग्रहण गराउने, शुभ कामनाका दुई शब्द भन्दै दर्जनौं

व्यक्तिद्वारा घण्टौँसम्म अर्थ न बर्थका कुराहरू भट्याउने र मूल विषयलाई सम्बोधन गर्नुमा भन्दा बक्तैपिच्छे कृत्रिम मर्यादाक्रमको सूचीका आधारमा हरेकले हरेकलाई सम्बोधन गरेर आफूलाई बोल्न दिइएको आधा समय त्यसैमा विताउने प्रवृत्तिका विरुद्धको अभियानमा छु। यस्ता क्रियाकलापले समाजलाई कृत्रिम रूपमा बिभाजित गरेको छ र हामीलाई आसन ग्रहण आशक्त आडम्बरी र ढोँगी बनाएको छ। मलाई लाग्छ, जुन समाज यसरी ढोँगी वा आडम्बरी बन्दै जान्छ, त्यो समाज प्रगति र सभ्यतामा पछि पर्दै जान्छ । उपर्युक्त पृष्ठभूमिका आधारमा मेरो अभियानअनुरूप नै पुरस्कृत व्यक्तितत्व र सभाध्यक्षलाई सम्बोधन गरिसकेपछि बाँकी सबैलाई एकमुष्ठ रूपमा सम्बोधन गर्ने धृष्टता गरेको हुँ। साहित्य र संस्कृतिको साधनाका हिसाबले यस समारोहमा उपस्थित तपाईंहरू सबै मेरा श्रद्धेय र आदरणीय हुनुभएकाले तपाईंहरूका बीचमा मर्यादाको क्रमको रेखा कोर्न मलाई असम्भव जस्तै छ। त्यसैले यहाँहरू सबैलाई एकएक गरी सम्बोधन नगर्दा उचनीच भएको भए म क्षमाप्रार्थी छु।

सार्वजनिक सेवामा कार्यरत कार्मचारीले कामका शीलशीलामा विभिन्न भूगोल, संस्कृति, जनजिवन र घटनासंग साक्षातकार हुने, भोग्ने र सहभागि हुने तथा कृयाप्रतिकृया जनाउने अवसर पाउंछन्। त्यस्तो अवसर विशुद्ध साहित्यसाधकलाई विरलै प्राप्त हुन्छ। यस्तो परिप्रक्षमा सिर्जनाप्रति रुची राख्ने प्रशाशकले आफ्ना अनुभवहरू समेटिएका पुस्तक प्रकाशन गर्ने क्रम बढेको छ। केही प्रशासकले विषयविज्ञताका क्षेत्रमा पनि कलम चलाएका छन् र तीमध्ये एकाध त यसै गुठीबाटै पुरस्कृत पनि भएका देखिन्छन्। धेरैजसो प्रशासकहरू आत्मवृत्तान्त लेखनमा केन्द्रित देखिन्छन् भने केहीले यात्रा वर्णनमा कलम चलाएको पाइन्छ। यस्ता कृतिहरूले कहीँ न कहीँ केही न केही मात्रामा नेपाली भाषा, साहित्य र संस्कृतिको संवर्द्धनमा योगदान नै पुऱ्याएका छन्।

आत्मवृत्तान्त लेख्ने क्रममा आफूले प्रयोग गरेका असल अभ्यासलाई नै अभिव्यक्तिका रूपमा प्रस्तुत गर्नमा उद्यत हुने स्वाभाविक मानवीय प्रबृत्तिलाई विचार गर्दा त्यस्ता लेखनको विस्तारले अरुलाई असर अभ्यासकालागि उत्प्ररित गर्छ र जुम्सो ठानिएको प्रशासनमा सुधार ल्याउन किन्चित भएपनि सघाउछ भन्ने मेरो विश्लेषण रहिआएको छ। विजयकुमारले आज पुरस्कृत कृति 'खुसी'मा डिस्ग्रेस्फुल घटनाहरू उल्लेख गरेर लेखनलाई यथार्थपरक बाएको दावि गरेका छन्। यिनले जस्तो डिस्ग्रेस्फुल घटना उल्लेख गर्ने हिम्मत कर्मचारीले बिरलै गरेको पाइन्छ; आखिर जोखिम नमोल्ने प्रबृत्तिका पेशाकर्मी न परे। तर, कामकै सिलसिलामा विविध संस्कृति, भूगोल, जनजीवन र प्रवृत्ति एवं पात्रसँग निरन्तर खेलिरहने यस समुदायलाई लेख्न प्रोत्साहन गर्ने हो भने यिनको लेखनबाट नेपाली साहित्यको संवर्द्धनमा सघाउ नै पुग्छ भन्ने मलाई लाग्छ। त्यसैले, सार्वजनिक क्षेत्रमा कार्यरत कसैले सिर्जना गर्न चाहेमा उनिहरूलाई मैले निःसङ्कोच उत्साहित गर्ने गरेको छु र समय मिलेको स्थितिमा बोलाइएका सभाहरूमा जाने पनि गरेको छु। मैले तपाईंहरूसमक्ष यो विषय राख्नुको तात्पर्य त्यस समुदायले पनि साहित्यमा चासो राख्छ तथा साहित्यिक क्षेत्रबाट निरन्तर सहयोगको अपेक्षा पनि गर्दछ भन्ने बताउनु पनि हो।

अब अलिकति कुरा मदन पुरस्कारका बारेमा पनि गर्छु। मेरो जानकारीमा भएअनुसार 'मदन पुरस्कार' नेपाली भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा मात्रै नभएर कुनै पनि विधामा दिन सुरु गरिएको पहिलो नेपाली पुरस्कार हो। केही मानिसहरूले यस पुरस्कारलाई नेपाली भाषा संस्कृतिको नोबेल पुरस्कारसँग तुलना गर्ने गरेको पनि मैले पाएको छु। यसको अर्थ यो पुरस्कार अत्यन्तै प्रतिष्ठित छ भन्ने नै हो। पुरस्कार भन्ने कुरा प्रतिभाको सम्मान, मान्छेले गर्ने सुन्दर कर्मप्रतिको आदर, सत्कर्म गर्नेहरूलाई गरिने प्रोत्साहनको सबैभन्दा

उत्तम काम हो। कतिपयले पुरस्कारलाई नगद राशिसँग जोडेर पनि हेर्छन् तर पुरस्कारलाई नगद थैलीसँग मात्रै दाँजिनु गलत हो भन्ने म ठान्छु। यसो भनिरहँदा के कुरा पनि सत्य हो भने नेपालमा भाषा, साहित्य र संस्कृतिको सेवामा समर्पित भएका स्रष्टाद्रष्टाहरू यिनै विषयको साधनालाई वृत्ति बनाउन सक्ने अवस्थामा एकदमै कम छन्। निश्चय नै जीविकोपार्जनको समस्याले सताइएका र आफ्नो स्वत्व गुमाएर पेटपूजाका लागि कसैप्रति निरीह याचक हुन बाध्य वा साहित्यसाधना मात्र आश्रितका परिवारजनबाट जीवनयापनमा भोग्नुपर्ने कठीनाईबाट सिर्जित असन्तुष्टि तथा गुनासो सहन विवश कैयौं नेपाली स्रष्टाद्रष्टा र संस्कृतिकर्मीहरूका निम्ति पुरस्कारका रूपमा प्राप्त हुने राशिको पनि उत्तिकै ठुलो अर्थ हुन्छ भन्ने म ठान्छु। यस अर्थमा पुरस्कार भन्ने कुरा एकातिर महान् कर्म र योगदानका निम्ति दिइने सम्मान हो भने अर्कातिर आर्थिक आकर्षणको विषय पनि हो भन्ने मलाई लाग्छ। पुरस्कारको स्थापनामा समान उद्देश्य हुँदैन। कतिपय पुरस्कारहरू स्वप्रायोजित हुन्छन् भने कति पुरस्कारहरू साँच्चै नै सम्बन्धित क्षेत्रमा महान् कार्य गर्नेलाई सम्मान गर्नकै लागि स्थापना गरिएका हुन्छन्। कतिपय पुरस्कारहरू जायज/नाजायज सबै स्रोतबाट थुपारेको धनको जुठोपुरो साहित्य साधक जस्ता सरस्वतीका वरदपुत्रलाई खुवाएर आफूले समाजसेवीको बिल्ला भिर्ने उद्देश्यले पनि स्थापित भएका छन् भन्ने टिकाटिप्पणिबाट यो विद्वतसभा अनभिज्ञ छ भन्ने मलाई लाग्दैन। त्यसैले हिजोआज कसैले सम्मान गर्छु भन्यो भने कतै गाईगधा सरोबरी बनाउने त होइनन् भन्ने भयले त्यस्ता समारोहहरूमा जान मलाई डर लाग्छ। यस्तो विषम परिस्थितिमा पनि मदन पुरस्कारको गरिमा अक्षुण्ण रहेको देख्छु। हामी सबैका लागि यो खुसी र गौरवको विषय हो।

मलाइ थाहा छैन, मैले यो कुरा यस समारोहमा भन्नु उचित हो

वा होइन, तर भन्न मन लागेर चपाउने आदत नभएको कारण म यो धृष्टता गर्दै छु। हामी सबैलाई के कुरा थाहा छ भने जुनसुकै पुरस्कारको वितरणपछि सकारात्मक र नकारात्मक दुवै प्रकारका टिप्पणी आउने र त्यस्ता टिप्पणिले तरङ्गहरू ल्याउने गर्छन्। 'रचना जतिसुकै उत्कृष्ट भए पनि र व्यक्ति जतिसुकै प्रतिभाशाली भए पनि प्रगतिवादी स्रष्टा र प्रगतिवादी कृतिलाई मदन पुरस्कार पाउने अवसर विरलै मिल्छ' भन्ने र 'यो पुरस्कार सबै नेपालीको लागि समदूरीको बन्न सकोस्' भन्ने किसिमका टिप्पणीहरू मेरोकानमा ठोक्किन आउने गरेका छन्। यो कुरा कतिसम्म सत्य हो, मलाई थाहा छैन। यसबारेमा कि त पुरस्कारका लागि कृति र व्यक्ति चयन गर्ने समिति र सञ्चालकहरूलाई थाहा होला अथवा आजसम्म पुरस्कृत भएका व्यक्ति र कृतिहरूमा प्रगतिवादी व्यक्ति र कृति कति सङ्ख्यामा परेका छन् वा छैनन् भन्ने कुरा हेरेर मात्र यो कुरा कति सत्य हो भन्न सकिएला। मलाई भने यस्तो गरिमामय पुरस्कारका बारेमा यस्ता कुरा सुन्नु नपरे जाती हुन्थ्यो भन्ने लागिरहन्छ।

साहित्य परिवर्तनको उत्प्रेरक पनि हो। जब जब नेपाली समाजको राजनीतिक, सांस्कृतिक र सामाजिक परिवर्तनमा साहित्यले भूमिका निर्वाह गर्नुपर्ने भयो तव तव क्रान्तिकारी कवि, परिवर्तनकारी साहित्य र संस्कृतिकर्मी तथा गायकको खोजी गरियो। समाज परिवर्तनको त्यस घडीमा प्रगतिशील नेपाली स्रष्टा र तिनका क्रान्तिकारी रचनाको उपयोग सबैभन्दा बढी हुने गरेको मैले पाएको छु। गोपालप्रसाद रिमालरचित 'एकजुगमा एक दिन एकचोटि आउँछ, उलटपुलट उथलपुथल हेरफेर ल्याउँछ' होस् वा रामेश, रायन र रामकृष्ण दुवालबाट गाइने 'गाउँगाउँबाट उठ बस्तीबस्तीबाट उठ' होस् वा 'हुँदैन बिहान मिर्मिर मा तार झरेर नगए, बन्दैन मुलुक दुईचार सपुत मरेर नगए' होस् वा 'हार्न सक्दैन यो राष्ट्र म ज्युँदै छु अझै यहाँ' होस्' वा यस्तै अन्य

क्रान्तिकारी कविता, गीत, रचना र सिर्जनाले क्रान्तिकारी परिवर्तनमा र समाजिक जागरणमा उल्लेख्य भूमिका निर्वाह गरेको मैले अनुभव गरेको छु । भलै कतिपय साहित्यकर्मिहरु धेरै त्यस्ता सिर्जनालाई 'साहित्य कम र नारा बढी' भनेर आलोचना पनि गर्छन् । तर, आज पनि प्रगतिशील धारा नेपाली साहित्यमा सशक्त रूपमा उपस्थित छ र यो यथार्थ हो। आज आफू यस समारोहमा यसरी सम्मानित भइरहेको स्थितिमा म उक्त कुरा गलत होलान् भन्ने आशा गरेर सन्तोष लिन चाहन्छु। मलाई के विश्वास छ भने यदि पुरस्कार छनोटका क्रममा चयनकर्ताहरूले कुनै वैचारिक सीमा, मोह, लालच, आग्रह वा दबाबबाट मुक्त भएर काम गर्नुभएको छ भने यस्ता टिप्पणी र तरङ्गहरू चियाको कपका तुफान मात्र बन्छन् । मदन पुरस्कारका बारेमा हुने यस्ता नकारात्मक टिप्पणी पनि चियाको कपका तुफान बनून् भन्ने मेरो शुभकामना छ ।

आदरणीय महानुभावहरू ! म मदन पुरस्कार गुठीका धुरीखाँबो श्री कमलमणि दीक्षितज्यूलाई 'तपाईं १०० वर्षसम्म यस गुठीलाई सक्रिय छहारी दिइरहन सक्नुहोस्' भन्ने शुभ कामना दिन्छु । साथै पुरस्कारहरूका नाममा प्रदूषण पनि बढ्दै गएको वर्तमान अवस्थामा कविशिरोमणिको 'आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो' भन्ने पद्यांशलाई मनन गर्दै तपाईंले आफू जीवित छँदै तपाईंकै उचाइबाट पुरस्कारको गरिमा जोगाइराख्न सक्ने कम्तीमा पनि एक जना उत्तराधिकारी तयार पार्नु आवश्यक छ भन्ने अनुरोध पनि गर्छु । यस डिजिटल युगमा मदन पुरस्कार गुठीले नेपाली लिपिको विकास र प्रवर्द्धनमा पनि अतुलनीय योगदान गरेको छ। यसका लागि यस गुठीमा भर्भराउँदा युवा पुस्ताको सशक्त उपस्थिति छ भन्ने मेरो आँकलन छ । वहाँहरुको उच्च सम्मान गर्दागर्दै पनि काम, विचार, योगदान र निष्ठाले खारिएको कमलमणि दीक्षितकै हैसियतको कम्तीमा एकजना मूर्धन्य साधकको यस गुठीका लागि आवश्यक छ भन्ने

ठान्दछु। विश्वमा भाषा, साहित्य र संस्कृतिका साधकलाई प्रोत्साहित गर्ने धेरै पुराना संस्थाहरू हुने गरेको परिप्रेक्ष्यमा यही गुठीकै कारणले नेपालमा पनि ६ दशक लामो इतिहास बोकेको र उच्च गरिमाले वेष्ठित एउटा पुरस्कार गुठी छ भनेर फुर्ती लगाउन पाउने अवस्थामा हामी छौँ। त्यसैले, यस गुठीको मर्यादा जोगाउनका लागि यस गुठीका पदाधिकारी र अध्यक्षले मात्र प्रयत्न गरेर पुग्दैन; अलिकति पढेलेखेका र नेपाली भाषासाहित्यलाई माया गर्ने सबैले यस्तो प्रयत्न गर्नुपर्छ भन्ने मेरो मान्यता छ।

कला संस्कृतिको वैभवका दृष्टिले काठमाडौँ खाल्डो लिच्छविकाल र मल्लकालमा समसामयिक विश्वका तुलनामा समृद्ध र सुसंस्कृत थियो भनेर ठोकुवा गर्न सकिन्छ। हाम्रा पुर्खाले आर्जेका ती अनुपम र अद्वितीय मानव सम्पदाका कारण हामी आत्मसम्मान र गौरवको अनुभूति गर्न सक्दछौँ। ती सम्पदाको संरक्षण, संवर्द्धन र प्रसारमात्रै पनि हाम्रा समृद्धिका आधार पनि हुनसक्छन्। तर आज मलाई दक्षिण एसियाकै सबैभन्दा पुरानो र सांस्कृतिक वैभवयुक्त राष्ट्र नेपालको अस्तित्वमा आँच आउन थालेको अनुभूति हुन थालेको छ। आजभन्दा ठिक २०० वर्षपहिले संसारको सबैभन्दा आधुनिक हतियारले सुसज्जित अजेय शक्तिसँग डेढ वर्षसम्म निरन्तर लडेर कैयौँ मोर्चामा उनीहरूलाई धुलोसमेत चटाएको वीर गोर्खालीका हामी सन्तान आजको आधुनिक वैश्विक युगमा एक हप्ताकै नाकाबन्दीले थला पऱ्यौँ। कतै हामी क्षणिक सुविधाका लागि वा पैसा र पदका लागि आफै लिलामीमा चढ्न तयार हुने प्रवृत्तिका कारण यस्तो अवस्थामा पुगेका त होइनौँ? यसको लेखाजोखा गर्ने काम मेरो होइन भनेर एउटा सचेत नागरिक चुप बस्दा निस्कने गम्भीर परिणामको भागीदार ऊ आफै पनि हुनुपर्ने छ। यस परिप्रेक्ष्यमा के हामी आफ्नो ठाउँबाट राष्ट्रिय स्वाभिमान जगाउन रामेश, रायन, रामकृष्ण शर्माका शब्द, स्वर,

सङ्गीतमा लय मिलाउँदै गाउँगाउँ र बस्तीबस्तीबाट जुरुक्क उठ्न सक्छौँ ? अथवा माधव घिमिरेका शब्दमा ज्योतिका पङ्ख उचाल्दै गीत गाउँदै एकसूत्रमा बांधिएर अघि बढ्न सक्छौँ ? वा हिमाललाई जाडो लाग्दा तराईले सेक्न सक्छौँ ? वा देशले रगत मागे आफैलाई बली बलिदान दिन तयार हुन सक्छौँ ? मेरो अभिप्राय जागरणको खाँचो परेका बखत भाषा साहित्यको सिर्जना समाजलाई उर्जा दिनसक्ने खालको हुनसको भन्ने मात्र हो । साथै, भाषासाहित्यमा त्यो ऊर्जा, त्यो विद्राह र त्यो इच्छाशक्ति जगाउने तागत हुन्छ र त्यो कुनै बन्दुकले सुसज्जित सेनाको शक्तिभन्दा बढी बलवान् हुन्छ भन्ने ठानेर श्रद्धेय भाषा साहित्यका सेवकहरूका सामु यो याचना गरेको हुँ ।

भाषासाहित्यको श्रीवृद्धिमा विगत एक सय वर्षभन्दा बढी अवधिदेखि क्रियाशील गोरखा भाषा प्रकाशिनी समितिको निरन्तरताका रूपमा रहेको साझा प्रकाशन अहिले सङ्कटग्रस्त अवस्थामा छ। यस गुठी र यसका शुभेच्छुहरूले भाषासाहित्यको सेवा गर्ने धेरैभन्दा धेरै संस्थाहरू आऊन् भन्नेतिर ध्यान दिँदै र भइरहेका साहित्यिक संस्थाहरू जोगाउने तिर पनि आफ्नो भूमिका निर्वाह गर्नुपर्छ भन्ने म ठान्छु। जुन मुलुकका युवाहरू आफ्नो भाषासाहित्य र संस्कृतिलाई तुच्छ र अरू मुलुकका भाषासाहित्य र संस्कृतिलाई उच्च ठान्छन्, अरूको भाषा संस्कृतिको प्रयोग गर्नमा गर्व गर्छन् र आफ्नो भाषा संस्कृतिप्रति हीनताबोध गर्छन्, त्यो समाज पतनोन्मुख छ भन्ने ठान्नुपर्छ । भाषा, साहित्य, संस्कृति भन्ने कुरा राष्ट्रिय वैभवका स्रोत र स्वाभिमानका मापक मात्र होइनन्, विविधतायुक्त भाषासंस्कृति त सम्पन्न बगैँचाका सुन्दर फूलहरू पनि हुन्। जुन समाजले विविधतालाई एउटै मालामा उन्न सक्छ त्यो समाज मात्र सुसंस्कृत, उन्नत र सद्भावयुक्त रहन सक्छ । अहिले हामीलाई यस्तै समाज निर्माण गर्न सक्ने साधकहरूको खाँचो छ ।

आफ्नो सिर्जना सबै सर्जकलाई श्रेष्ठ लाग्छ । मलाई लाग्दैन, कुनै सर्जकले कुनै सिर्जना गर्दा पुरस्कारको लोभले गर्छ तर जब सर्जकले सबैका सामु सिर्जना पस्किन्छ, तब उसमा धेरैभन्दा धेरै मान्छेले त्यस सिर्जनाको रसास्वादन गरून्, आनन्द लिऊन् र यस्ता पुरस्कारको छनोटमा आफ्नो कृति अब्बल ठानियोस् भन्ने चाहना भने राखेकै हुन्छ भन्ने म ठान्छु । फेरि पुरस्कार छनोट गर्ने विधि कुनै सोझो गणित पनि होइन जसलाई मूल्याङ्कनको गणितीय बही बुझाउन सकियोस् । त्यसैले छनोट समिति आफू निस्पृह छु भन्ने कुरामा ढुक्क छ भने नतिजा जेसुकै आए पनि त्यसले सर्जकहरूलाई उत्साहित र उत्प्रेरित गर्ने ऊर्जा बोकेकै हुन्छ भन्ने मान्न सकिन्छ । म मदन पुरस्कारको राशि बढाएर दुई लाख बनाउन योगदान दिने कमलमणि दीक्षित लगायतका सबै महानुभमवको प्रशंसा मुक्त कण्ठले गर्दछु । पुरस्कार को राशि बढाउँदा आफ्ना पुर्खाको नाममा होइन, रानी जगदम्बाकै नामको पुरस्कार-राशिमा थप्ने उदार भावनाका धनी कमलमणि दीक्षितको कामलाई प्राचीन भारतको ऐतिहासिक घटनाक्रमका आधारम लेखिएको विशाखदत्तको प्रसिद्ध नाटक 'मुद्रा राक्षस'को एक कथाको अतुलनीय भक्ति देखाउने एउटा पात्रको समर्पणसंग तुलना गर्दै चित्तरञ्जन नेपालीले '२०६२ सालको मदन पुरस्कारस् प्रवचनहरू' पुस्तकको प्राक्कथनमा राखेर गर्नुभएको प्रशंसा म दोहोर्‍याउन चाहन्छु।

म आज नेपालको 'शैक्षिक, सांस्कृतिक र सामाजिक' क्षेत्रमा अतुलनीय योगदान दिने आदरणीय ब्यक्तित्व अंगुरबाबा जोशी र खुसी' जस्तो गत बर्षको सर्वाधिक चर्चित कृतिले पाएको पुरस्कार समारोहमा बोल्दै छु । तर म आफैले भने जीवनमा आन्तरिक लेखा परीक्षण सम्बन्धी सहलेखनमा एउटा सानो पुस्तकबाहेक कुनै साहित्यिक कृति सिर्जना गरेको छैनँ । म साहित्यको विश्लेषक तथा साधक पनि होइनँ । त्यसकारण पुरस्कृत कृतिबारे टिप्पणी गर्न त्यति सहज ठान्दिनँ । तथापि विजयकुमार पाण्डेजीको 'खुसी' नामक पुस्तक सार्वजनिक गर्ने

समारोहमै उपस्थित भएर केही मूर्धन्य व्यक्तित्वहरूले यस पुस्तकका बारेका टिप्पणी मैले सुनेको छु। त्यसपछि सार्वजनिक भएका एकाध पुस्तक समीक्षा पढ्नुका अतिरिक्त मैले उनको यो पुस्तक आद्योपान्त पढेको छु। पढेपछि एक पाठकको अनुभूती इमेल मार्फत करीव छ महिना पहिले पठाएको थिएँ। संयोगले वहाँ पुरस्कृत हुने समारोहमा बोल्ने अवसर पाएको हुँदा त्यतिबेला गरेको टिप्पणि आज सार्वजनिक गर्नु सान्दर्भिक ठान्छु। खुसी धनसम्पत्ति, शक्ति, रूप र यौवनको सङ्ग्रह वा भोगबाट होइन, त्यो त आफू भित्रै अन्तरनीहित गुण हो भन्ने बुद्धको सुखमय जीवन यापनको दर्शनबाट प्रेरित कृतिमा लेखकले पटक पटक आफू भौतिक विलासप्रति लुब्ध नभएको जिकिर गरिरहंदा थोत्रो गाडीमै सन्तुष्ट भएको प्रशंग अरुका विलासी गाडीसंग तुलना गर्दै बारम्बार दोहोऱ्याउनाले उनी भौतिक विलासिताबाट टाढै रहेका जस्ता देखिए पनि मनोवैज्ञानिक रूपमा तिनै कुरामा टाँसिएका छन् भन्ने अनुभूति सचेत पाठकलाई भइरहन्छ। धनीमानी र शक्तिशाली व्यक्तिले उनलाई दिएको महत्व र कुटनीतिज्ञहरुसंगको उठबसलाई पनि आफ्नो महत्व प्रदर्शनको माध्यम त बनाउन खोजीएको होइन भन्ने अनुभूती एक सामान्य पाठकलाई हुन्छ। जीवनी लेख्दा आफूलाई अपमानित गर्ने घटना पनि उल्लेख गरेर जीवनीलाई यथार्थपरक बनाउन चाहेको रहस्योद्घाटन उनले गरेका छन्। तर, यौनिकताको मामलामा भने उनले एकाध ठाउँमा सत्यको नजिक पुगेर विषयवस्तुलाई हठात् टुङ्ग्याउने प्रवृत्ति अँगालेको पाइन्छ। यसबाट पाठक त्यस विषयका सम्बन्धमा विजयकुमारले के गरे होलान् भनेर आफै अनुमान गर्छ। रक्सीको मामलामा उनी जतियथार्थवादी भएर खुल्ला रूपमा देखिए पनि यौनका मामलामा सबैठाउँमा त्यसरी प्रस्तुत हुन सकेका छैनन्। पुस्तकमा आफूले कुनै विशेष कुरा पाउनका लागि नभएर स्वान्तसुखाय लेखेको कुरा बारम्बार बताउने विजयकुमारलाई ‘आफ्ना अनुभूतिहरू पुस्तकका रूपमा छापेर सार्वजनिक गरेपछि पाठकको

चासोलाई चटक्कै बिर्सन मिल्छ र ?' भनेर मैले ६ महिनापहिले नै उनीलाई सुटुक्क इमेलबाट प्रश्न गरेको थिएँ । मलाई थाहा छैन, त्यो मेरो टिप्पणी उनले पढ्न भ्याए वा भ्याएनन् । मैले त्यसको प्रतिक्रिया भने आजपर्यन्त पाएको छैनँ। उर्पयुक्त टिप्पणि बाहेक खुसीले मान्छेलाई आफू भित्रको खुसीको कुंजी पहिल्याउन र खजाना खोल्न धेरै मदत गर्छ भन्ने मेरो ठम्याई छ। यस अवसरमा 'खुसी' कृतिको प्रशंसामा म यति मात्र भन्न चाहन्छु कि यस कृतिले मलाई 'खुसी आफूसँगै छ, बाहिरी रङ्गीन दुनियाँमा होइन' भन्ने मेरो बन्दै गरेको अपरिपक्व जीवनदृष्टिमा थप बल पुऱ्याएको छ। समग्रमा 'खुसी' नेपाली साहित्यको एउटा उत्कृष्ट कृति हो भन्न मलाई कुनै संकोच छैन। श्रद्धेय अंगुरबाबा जोसीको नेपाली समाजकालागि अत्यन्त धेरै योगदान छ। वहाले विगत ऊण्डै डेढ दशक देखि मलाई नैतिकवान, इमान्दार र कर्तब्यनिष्ठ बन्न प्रोत्साहित र उत्प्रेरित गरिरहनु भएको छ। मैले गरेका हरेक नविन वा उल्लेख्य काम सार्वजनिक हुनासाथ बधाई र अरु राम्रा कामकालागि शुभकामना नबिराइ दिने एक उत्प्रेरक मुर्धन्य ब्यक्तित्वलाई पुरस्कृत गर्ने समारोहमा यस भूमिका उपस्थित हुन पाउदा म अत्यन्त हर्षित छु। यो पुरस्कार एक सत्पात्रमा परेकाछ र वहाको छनोटले पुरस्कारको गरिमा बढेको छ भन्न अत्युक्ति नहोला।

आदरणीय विद्वत्वृन्द ! साहित्य र संस्कृति गतिशील हुन्छन् । जीवनपद्धति र समाज बदलिँदै जाँदा यी कुरा पनि सापेक्ष रूपमा बदलिँदै जान्छन् । साहित्य भाषिक सौन्दर्य हो । यसले प्रत्यक्ष सम्बोधनका माध्यमबाट पाठकलाई र समाजलाई जागरणको ऊर्जा दिन्छ। यसले राजनीतिले जस्तो तत्कालै शक्तिशाली प्रभाव पार्दैन तर यसले पार्ने दीर्घकालीन प्रभाव राजनीतिकभन्दा ज्यादै सघन र दिगो हुने गर्छ। यस अर्थमा साहित्यसाधनामा अनवरत लागेका स्रष्टाद्रष्टाहरूको सम्मान गर्नु, तिनलाई पुरस्कृत गर्नु र तिनीहरूबाट नयाँ नयाँ सुन्दर

सिर्जनाहरूको माग गर्नु समाजलाई गतिशील बनाउन योगदान दिनु हो । मदन पुरस्कार गुठीले वर्षौंदेखि यही महत्त्वपूर्ण दायित्व निर्वाह गर्दै आएको छ। त्यसैले, यो गुठी नेपाली भाषा, साहित्य र संस्कृतिको सच्चा सेवक हो भन्न सकिन्छ ।

अन्त्यमा,
साहित्येतर क्षेत्रको म जस्तो सामान्य व्यक्तिलाई यस्तो गरिमामय पुरस्कार समारोहमा वक्ताका रूपमा स्थान दिएर सम्मान गर्नुभएकोमा म यस गुठीका अध्यक्ष तथा नेपाली भाषासाहित्यका मूर्धन्य सेवक कमलमणि दीक्षित र यस गुठीप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै पुरस्कृत प्रतिभाहरूलाई पुन एकपटक हार्दिक बधाई व्यक्त गर्दै आफ्नो भनाइ टुङ्ग्याउने अनुमति चाहन्छु। विजय दशमी २०७२ को यहाँहरु सबैलाई हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु १ जय मातृभुमि १ धन्यवाद ।

लीलामणि पौड्याल
(२०७२/०६/२७)

# २०७१ सालको पुरस्कार जगदम्बाश्रीद्वारा सम्मानित श्रीमती अङ्गूरबाबा जोशीको उद्गार

ॐ

*सत्यमेव जयते नाहतम्*

ॐ योन्तः प्रविस्य मम वाचमिमाम् प्रसुप्ताम्, संजीवयत्यखिल शक्ति धरस्य धाम्ना ।
अन्याश्चहस्तचरणश्रवणत्वगादीन्, प्राणान्नमो भगवते पुरूषाय तुभ्यम् ।

अज्ञान तिमिरान्धस्य ज्ञानाञ्जन सलाकया,
चक्षुर्उन्मिलितं येन तस्मै श्री गुरवे नमः ।।
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु माकश्चिद् दुःख भाग्जनः ।।

**मदन पुरस्कार गुठीका आदरणीय अध्यक्ष श्री कमलमणि दीक्षितज्यू, गुठीका सबै आदरणीय सदस्यज्यूहरू, सभामा समुसास्थित प्रवुद्ध वरिष्ठ व्यक्तित्वहरू तथा पत्रकार बन्धुहरू,**

सर्व प्रथम त म जस्ती एउटी साधारण समाजसेवी महिलालाई २०७२ को जगदम्बाश्री जस्तो नेपालको सर्वोत्कृष्ट पुरस्कार दिएर सम्मानित गर्नु भएकोमा हृदय देखि नै संपूर्ण मदन पुरस्कार गुठी परिवार प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। म आफूलाई भने मैले त्यस्तो विशेष केही गर्न सकेको जस्तो लाग्दैन। तैपनि यो पुरस्कारबाट सम्मान हुन पाउनु मेरो लागी गौरवको हुन आएको छ।

जीवनमा मलाई अन्य संस्थाहरूले पनि सम्मान, पुरस्कारहरू प्रदान गर्नु भएको छ। यस्तो पुरस्कार/ सम्मानका रकमहरू को म उच्च मूल्याङ्कन गर्दछु। पवित्र रकम ठान्दछु। अत: यस्तो रकम आफ्नो व्यक्तिगत कुरामा खर्च गरेर यस्तो पवित्र रकमको अवमूल्यन गर्नु मलाई उचित लाग्दैन। त्यसैले सधैं मैले प्राप्त गरेको सम्मान/पुरस्कारका सबै रकमहरू कुनै न कुनै उपयुक्त समाजसेवी संस्थाहरूमा चढाउने गरेकी छु। झन ठूलो यो जगदम्बाश्री पुरस्कारको रकम मैले खर्च गर्ने त कुरै भएन। अत: यसको रकम मद्धे बाट रू १,००,००० /- (एक लाख) म नेपालको इतिहासमा सर्व प्रथम स्थापना भएको श्री गार्गी कन्या गुरूकुलको सेवामा अर्पण गर्दछु। अर्को रू एक लाख अन्य सेवा कार्यहरूमा खर्च गर्ने छु। म स्वयंले यो पवित्र रकमको एक पैसा पनि खर्च गर्ने छैन भन्ने कुरा निवेदन गर्दै गुठी परिवारले यसलाई अन्यथा लिनु हुने छैन भन्ने विश्वास गर्दछु।

यो पुरस्कार / सम्मान मैले मेरो व्यक्तिगत सम्मान नभई मलाई सत्यनिष्ठा, धर्मनिष्ठा, सद्विचार, सद्‌ाचार, सद्व्यवहार, नैतिकबल, चारित्रिक शुद्धता, आध्यात्मिक चेतना, सेवाभाव र राष्ट्रभक्तिको सुसंस्कारबाट संस्कारित गर्ने मेरा पूज्य माता स्व. श्रीमती दीप कुमारी पन्त र पिता स्व.श्री पिताम्बर प्रसार पन्त को र यो सुसंस्कारलाई मल जल दिएर जीवनमा मेरो प्रत्येक सेवा कार्यमा सक्रिय सहयोग गरिबक्सने मेरा मार्गदर्शक अत्यन्त प्यारा पतिदेव स्व. श्री प्राध्यापक डा.बलराम जोशीको मात्र होइन, मलाई जीवन भर यो सद्मार्गमा हिड्न, बोल्न र लेख्न सधैं प्रेरणा बक्सने मेरा पूज्य गुरूदेव श्री १००८ स्वामी सच्चिदानन्द सरस्वति खप्तडबाबा लगाएत अन्य सबै गुरूहरूको सम्मानको रूपमा ग्रहण गरेकी छु।

हाम्रो नीतिशास्त्र भन्दछ: “न सा समा: यत्र न सान्ति वृद्धा:, वृद्धा न ते ये नवदन्ति धर्म: ।” आजको यो सभाराहोमा वृद्ध वृद्धाहरू

हामी थुप्रै छौं। अतः यो सभा भव्य बन्न पुगेको छ। बोल्ने म वृद्धा परें। अब मैले धर्ममा केही बोल्नु नै पर्ने हुन्छ। हजुरहरू सबैलाई ज्ञात भएकै कुरा हो कि धर्म त्यो आधारभूत तत्व हो जसले मानिसमा मनुष्यत्व भदर्छ। मानवत्व भर्दछ। अनि दानवत्वमा खस्नबाट रोक्छ। यति मात्र होइन, विश्वव्यापी रूपमा मानव जीवनको सर्वोत्तम सर्वोपरी लक्ष दुःख, अशान्तिबाट निवृत्त भई सुख शान्ति प्राप्त गर्नु नै हो। पद, पैसा, बराबर पुरस्कार, प्रतिष्ठा, पेशा आदि सव साधन मात्र हुन्, साध्य होइनन्। साधनलाई साध्य संझिएकाले दुःख, अशान्ति तनावहरू हात पर्छन्। त्यसैले भनिएको होः "सुखाय कर्माणि करोति लोके।" अर्थात् संसार भरिका मानिस जैले जे गर्छ र त्यो वास्तवमा सुख पाउन नै गर्छन्। धर्मले हाम्रो यही सुख शान्ति प्राप्त गर्ने क्षमता अभिवृद्धि गदर्छ। हामीलाई सुखशान्तिको अनुभूति गर्न सक्ने पात्रता प्रदान गदर्छ।

"धर्म" शब्द अंग्रेजीका विभिन्न मत, पन्थ वा सम्प्रदाय जनाउने "रेलिजन" शब्दको पर्यायवाची शब्द होइन। धर्म त सबै सम्प्रदायहरूले साझा रूपमा मानि आएको सनातन शाश्वत मानवमूल्य र मान्यताका निर्देशक सिद्धान्तहरू हुन्।

*"धृतिक्षमादमोस्तेय शौमिन्द्रियनिग्रह।*
*धीर्विद्यासत्यमक्रोध दशकं धर्म लक्षणम्॥"*

धैर्य, क्षमाशीलता, आत्मसंयम, नचोर्नु, शरिर, मन, वचन र कर्ममा पवित्रता, इन्द्रियको संयम, विवेक- युक्त वृद्धि, भैतिक र आध्यात्मिक ज्ञान, सत्यनिष्ठा र नरिसाउनुः धर्मका यी दसवटा लक्षणहरू बताइएका छन्। यो सनातन शाश्वत मानवीय मूल्य, मान्यताहरूलाई सबै मत, पन्थ र संप्रदायहरूले साझा रूपमा मानि आएको सर्वविदितै छ।

यस्तो वास्तविक स्थिति हुँदाहुँदै पनि हाम्रो नया संविधानमा “धर्म निरपेक्ष” भन्ने शब्द प्रयोग भएकोमा म र मलाई विश्वास छ, म जस्ता धेरै नेपालीहरूको चित्त दुखाई छ। मलाई थाहा छ, यो सन्देश बोकेर पास गराउने नेताज्यूहरूले हामी नेपाली अब मानवता विहीन दानव बने पनि हुन्छ भन्न खोज्नु भएको होइन। हुनै सक्दैन। तर राजनेता भएपछि शब्दको सही अर्थ राम्रो सग बुझ्ने कष्ट सम्म पनि नगरेर लहै लहैमा लागेर यो शब्द नयाँ संविधानमा जुन पर्न गएको छ त्यो एक दिन अवश्य पनि संसोधन हुनेछ। हुनै पर्छ। राष्ट्रको धर्म हुँदै न भन्ने चर्चा खूब सुनियो। किन हुँदैन राष्ट्रको धर्म ? नागरिकको ज्यु धनको रक्षा गर्नु राष्ट्रको राजधर्म होइन ? प्रत्येक नागरिकको आधारभूत आवश्कताहरू पुरा गर्नु राजधर्म होइन ? अपराधीहरूलाई दण्ड सजाय गर्नु राजधर्म होइन ? इत्यादि, इत्यादि । मनमा सारैनै उकुस मुकुस भएकाले याहाँ संक्षेपमा यति उद्गार व्यक्त नगरी सकिन। कसैलाई असान्दर्भिक टिप्पणी लागेको भए क्षमा प्रार्थी छु ।

मेरो दृष्टिमा धर्म जुन बेला जहाँ पनि सान्दर्भिक तत्व हो। किनभने “धर्मो विश्वस्य जगत: प्रतिष्ठा: ।” धर्म सारा विश्वको आधार हो । “धारणाद् धर्म इत्याहु धर्मो धारयते प्रजा: ।” जुन तत्वले व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वलाई धारण गर्दछ, त्यही तत्व धर्म हो । “आहारनिद्राभयमैथुनश्च सामान्य मतद् पशुभिर्नराणाम् । धर्मो हि तेषामधिको विशेषो धर्मेण हीना पशुभ्हि समाना: ।” अर्थात् भोजन, निद्रा, जीवनरक्षाको मय र मैथुन क्रिया किरा, फटायाङ्ग्रा, जीव, जन्तु र मानिस सबैमा ब्याप्त क्रियाहरू हुन्। अरू भन्दा श्रेष्ट जीव मानिसको विशेषता भन्नु नै धर्मको परिपालन हो। धर्म विनाको मान्छे त पशु समान भनिएको छ। “मनुष्य रूपेण मृगाश्चरन्ति।” आकारमा मान्छे भएपनि ऊ पशुत्व बुद्धि लिएर बाँचेको हुन्छ ।

मानविय गुणधर्मको यो व्यापकता र अत्यावशकतालाई अवमूल्यन गर्नु अन्ततोगत्वा राष्ट्रधाती हुन जान्छ ।

नत्रा नेपालको चर्चा पनि खूब सुनिन्छ । नत्रा पूल, नत्रा बाटो, नत्रा भवन बनाएर मात्र नत्रा नेपाल बन्दैन । नत्रा नेपाललाई बनाउन नत्रा स्फूर्ति, नत्रा शोच, उच्च गुणवत्तायुक्त युवावर्गमा नत्रा जोश, जाँगर र उल्लास चाहिन्छ। नेपाली बालबालिका र युवावर्गमा जीवनो पयोगी गुणात्मक शिक्षाको साथै सबै मत, पन्थ र सम्प्रदायहरूले साझा रूपमा मानिआएका सनातन शाश्वत मनाव मूल्य र मान्यतामा आधारित मानवजीवका निर्देशक सिद्धान्तको सही दीक्षाबाट उत्प्रेरित विवेकयुक्त बुद्धि चाहिन्छ । Intellegent Quocent बैद्धिक गुणवत्ता मात्र होइन, Emotional Quocent भावात्मक गुणवत्ता एवं Spritiual Quocent आध्यात्मक गुणवत्ता पनि चाहिन्छ । बालबालिका एवं युवावर्गको सशक्तिकरणको लागी उनीहरूको शारिरिक, मानसिक, वौद्धिक एवं आध्यात्मिक जीवनका यी चारै तहमा सन्तुलित र समानान्तर चौतर्फी विकास चाहिन्छ। यसरी चौतर्फी ब्यक्तित्व विकासको संवाहक सही शिक्षा र सही दीक्षाबाट सुसन्जित युवावर्ग नै पछि सुयोग्य, सक्षम, नैतिक, सच्चरित्रवान, सत्यनिष्ठ, कर्तव्यनिष्ठ राष्ट्रभक्त सेवामुखी नागरिक बन्न सक्दछन्। अनि यस्तै चौतर्फी सशक्त उत्साही नागरिक नै आफू, आफ्नो परिवार, समाज र राष्ट्रको लागी वरदान हुन्छ । भ्रष्टाचार, अन्याय, अत्यचार, पक्षपात विरोधी सुयोग्य जनमुखी राजनेता र इमान्दार कर्मठ राष्ट्रसेवक, नैतिक ब्यापारी र उद्योगपति एवं समर्पित समाजसेवी बन्दछ। अनि बन्दछ नत्रा नेपाल, नत्रा उत्साह, नत्रा उमङ्ग, नत्रा जोश र जाँगर भएको नत्रा नेपाल ! जब सम्म ब्यक्ति राम्रो बन्दैन, तब सम्म राष्ट्र सुख, शान्ति र सवृद्धिको बाटो मा अगाडी बढ्न सक्दैन भन्ने कुरा सर्व विद्धितै छ। त्यसैले भनिएको होला : “सारा विश्व बनाउने मन भए आफू बने पुग्दछ ।”

गत वैशाख १२ गते गएको विनासकारी महाभूकम्पको छाया अझै बाँकि भएकोले आज उक्त भूकम्पमा जीवन गुमाउनु भएका दाजुभाई दिदीबहिनीहरू र बालबालिकाहरूको आत्माको चिरशान्तिको लागी परमात्मा सग हार्दिक पार्थना गर्दै सम्वन्धित परिवारहरू प्रति समवेदना पनि प्रकट गर्न चाहन्छु । साथै जो अलपत्र, असहाय एवं अपाङ्ग हुनु भएको छ, उहाँहरू प्रति पनि सहानुभूति व्यक्त गर्दै अव राष्ट्रको पहिलो दायित्व भनेको नै यस्ता व्यक्तित्वहरूको पुनर्स्थापनाको साथै ब्यापक पुननिर्माण र सबै बालबालिकाको तथा पुवावर्गको चौतर्फी ब्यक्तित्व विकास नै हो भन्नु आत्युक्ति हुने छैन ।

अन्त्यमा चौरासी पुगेर पचासीको खुड्किलो टेकिसकेकी व्यक्तिको नातोले आफ्नो अनुभवको आधारमा केही नम्र निवेदन गर्न चाहन्छु । हामी मनुष्य ईश्वरका अंश हौं । "ईश्वर अंश जीव अविनासी; चेतन विमल सहज सुखरासी ।" हामी नैसर्गिक रूपमा शान्त, सुखी, चेतनशील, दैवीऊर्जाले सम्पन्न व्यक्तित्वहरू हौं । शान्ति र सुख त हाम्रो अभिभाज्य अंग हो । हाम्रो प्रयाश मूलतः सुख शान्ति प्राप्त गर्नु भन्दा पनि हामीले नै हाम्रो आफ्नो अज्ञानका कारणले श्रृष्टि गरेका दुःख, अज्ञान, अशान्तिबाट मुक्त हुनु पो रहेछ । आखिर सुख र दुःख भनेको के रहेछ र ? हाम्रो भीत्रको एउटा भावना त रहेछ नी ! सकारात्मक शोचले सका्रात्मक भावनाको श्रृष्टि गर्दो रहेछ र हामीलाई सुखानुभूति हुने रहेछ । नकारत्मक विचार गऱ्यो भने, हाम्रो भावना पनि नकारात्मक हुँदो रहेछ र हामी दुःखानुभूति गर्दा रहेछौं । यसबाट के प्रष्ट हुन्छ भने हाम्रो सुख र दुःखको कारण अन्ततो गत्वा हामी स्वयं आफैनै रहेछौं । त्यसैले भनिएको रहेछ : "सुखस्य दुःखस्य न कोपि दाता, परोवदातीति क्वुद्धिरेषा ।" सुख र दुःख अरू कसैले कसैलाई दिने तत्वनै रहेनछ । त्यसैले भगवान कृष्णले गीतामा मर्जिभएको रहेछ :

*“उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।*
*आत्मैवह्यात्मनोवन्धुरात्मैवरिपुरात्मन : ॥”*

उहाँ मर्नि हुन्छ : तिमी आफूले आफैलाई उठाऊ; तल खस्न नदेऊ ; किन भने तिम्रो सबै भन्दा ठूलो मित्र पनि तिमी आफै हौं र तिम्रो सब भन्दा ठूलो शत्रु पनि तिमी आफै हौ ।

हामीले आफ्नो जीवनको कत्रो समय अरूबाट सुख पाउने इच्छा र आशाबाट वितायौं । छोराछोरीले आमाबाबुलाई सुख दिने होइन रहेछ । बुहारीले सासूलाई सुख दिने पनि त होइन रहेछ । त्यसैले मृगमरीचिकाको भुमरीमा हामी भुलिरहेका रहेछौं। जीवनको यो वास्तवीक तत्व बुझे पछि र त्यो सत्य सग आत्मसाथ गरेपछि, जीवन यति हलुका, यति शान्त र यति निश्चिन्त हुँदो रहेछ कि यसको अनुभूत गर्ने हजुरहरूले बुझ्नु भएकै छ । यसमा थप धर्मका लक्षणहरूको परिचालन गर्ने अभ्यास, अनि नियमित योग, ध्यान गरेपछि आफ्नो मार्गदर्शक गुरूहरूको कृपा प्रसादबाट करूणाभूर्ति परमात्मा प्रभूमा शरण परेर सबै उहाँको पाउमा अर्पण गरी “जाहे विधि राखे राम, ताहे विधि रहिए” भनेर ढुक्क भएर बसे पछि शान्ति शान्ति, सुखै सुख हुँदो रहेछ । सर्व प्रथम हामीले हाम्रो मनमा नकारात्मक शोच आउन दिनु भएन । सकारात्मक विचार र चिन्तन मात्र गर्नु पर्‍यो । यसको निमित्त हामी सदा आफ्नो मनको गुणवत्ता तर्फ स्जग र सचेत रहनु पर्‍यो ।

हामीले दु:खानुभूति गर्ने कुराहरू मद्धे आफू भन्दा “माथिल्लो” वर्गसँग आफैलाई तुलना गर्ने, अरूले के भन्ला भन्ने चिन्ता गरेर अरूको प्रशंशाको आशा राख्ने, कसैले केही नकारात्मक टिप्पणी गरे भने नमीठो मान्ने, भोली के होला कसो होला भनेर भविष्यको चिन्ता गर्ने आदि पनि हुन् । तर यसो विचार गर्ने हो भने त्यो सबै

वेकार रहेछन्। श्रृजनशील परमात्माको श्रृष्टिमा हामी प्रत्येक व्यक्ति अद्बितीय छौं। कसै सग दाँजिनु नै हुँदैन। “आशा हि परमं दु:खं नैरास्यं परमं सुखम्।” अरूबाट आशा गर्नु दु:ख निम्त्याउनु मात्र हो। कसैले नकारात्मक टिप्पणी गरेमा धर्मले देखाएको क्षमाशीलताको गुण अपनायो भने आलोचक बन्धुहरू प्रति कृतज्ञ नै हुनु पर्दछ। उहाहरूले धुमाउरो तरिकाले हामीलाई सशक्तिकरण पो गराइ रहनु भएको रहेछ त। यसरी जीवनको विश्लेषण गर्न सकेमा सुखै सुख, शान्ति शान्ति। अहिलेको जीवन सन्ध्यामा जति सुख, शान्ति र आनन्दको अनुभूति कहिल्यै भएको थिएन मलाई। त्यसैले “वृद्धावस्या जीवनको श्रीपेच” भन्ने लेख पनि लेखेकी छु।

आज मेरो जीवनमा थप सानो इतिहास पनि बनेको छ। सन् १९४८ मा मेरो दुलाहा स्व.श्री प्रा.डा.बलराम जोशी र म नेपालको इतिहासमा सगै एस.एल.सी. परिक्षा दिने पहिलो दम्पति बनेका थियौं। सन् १९५७ मा समुद्र पार उच्च अध्ययन गर्न जाने पनि हामी पहिलो दम्पति थियौं। समुद्रपार अध्ययन गर्न जाने पनि पहिली महिला पनि म नै थिए। अब आज मेरा पतिदेवलाई मदन पुरस्कार गुठीले मदन पुरस्कारबाट सम्मानित गरेको थियो भने उहाँकी अर्धाङ्गिनी मलाई आज जगदम्बाश्री पुरस्कारबाट सम्मानित गरिएको छ। यसमा मलाई अत्यन्त प्रशन्नता छ।

मेरो प्रस्तुति अलि लामो हुन गएकोमा क्षमाप्रार्थी छु। मौकामा यति निवेदन गर्न मन लाग्यो। के गरू? मेरो संमपूर्ण जीवन नि:स्वार्थ समाज सेवामा समर्पित छ : शिक्षासेवा होस् वा नेपाली भाषा र सहित्यको सेवा होस् वा दीन दु:खीहरूको गर्ज टार्ने सेवा होस्। यसको निमित्त याहाँहरूले जगदम्बाश्री पुरस्कार मलाई प्रदान गर्नु भएकोमा आफूमा एकमुठी सास रहेसम्म यस्तो सेवा निरन्तर

गरिरहन मलाई ऊन ठूलो प्रेरणा मिलेको कुरा व्यक्त गर्दै पुन: धन्यवाद दिन चाहन्छु । साथै २०७२ को मदन पुरस्कार बाट सम्मानित हुनु भएका मेरा प्यारा सहयोगी भाई श्री विजय बाबुलाई हार्दिक बधाई दिन चाहन्छु । धन्यवाद ।

*ॐ शान्ति: शान्ति: शान्ति:*

# २०७१ सालको मदन पुरस्कारद्वारा सम्मानित
# 'खुशी'का स्रष्टा
# श्री विजय कुमारको उद्‌गार

आदरणीय महिला तथा सज्जनबृन्द !

'प्रेममा झैं साहित्यमा पनि अर्काको छनौट देखेर हामी चकित हुन्छौ ।' फ्रान्सीसी लेखक आन्द्रे मौरिसका शब्द हुन् यी 'In literature as in love , we are astonished at what is chosen by others '

'खुसी'ले मदन पुरस्कार पाएको कुरा जब सुने, म चकित भएँ । आश्चर्यले निःशब्द भएँ । मेरा आंखाबाट आंसु झरे । खुसीका आंसु ।

पुरस्कार पाउँला भनेर लेखेको होइन । कसैले पढिदेला, लेखकका रूपमा मेरो नाम चल्ला भन्ने आशले मात्र लेखेको पनि होइन । म त आफ्नो मनको भारी अक्षर मार्फत पोखेर हलुका हुन चाहन्थें, मनभित्र बलेको आगो निभाउन चाहन्थें । त्यसैले लेखें । किनभने लेख्ने बाहेक अर्को कुनै बाटो पनि त मसित थिएन ।

गोपाल योन्जन भन्थे :

*'भरि छु साथी*
*म त भरि नै भरि छु*
*बग्नै नपाइ पो*
*पोखरीसरि छु'*

गोपाल योन्जन यो पनि भन्थे –'बग्नु पर्छ है विजय भाइ, बग्नु पर्छ । तालबाट नदी र नदीबाट समुद्र बन्नु पर्छ । त्यसका लागि बग्नु पर्छ ।'

सोच्दै छु , आज गोपाल योन्जन यहाँ भएका भए, कति खुसी हुन्थे ।

****

आदरणीय महिला तथा सज्जनबृन्द !
लेख्न त मैले मनको भारी बिसाउन लेखेको थिएँ । आगो निभाउन सक्ने अर्को कुनै बाटो नदेखेर लेख्न पुगेको थिएँ । भरिएको थिएँ, पोखिन अक्षर कोरेको थिएँ । म लेखक होइन, लेखनकलामा बामे सर्न थालेको नवजात हुँ।

मेरो जीवन दोषरहित हुन सकेन, मेरा आनीबानी खोटरहित हुनसकेनन् भने मेरो लेखन मात्रै कसरी गल्तीरहित हुन सक्थ्यो? यति हुँदाहुँदै पनि मलाई पाठकले पढिदिए। बेहिसाब पढिदिए । यसरी पढिदिए, म आफै चकित भएँ ।

हो रहेछ – ' प्रेममा झैं साहित्यमा पनि अर्काको छनौट देखेर हामी चकित हुन्छौ '

आफ्ना पाठकहरूको विविधता देखेर अचम्मै लाग्छ । कति धेरै रंग मिलेर बनेको छ –खुसीको ईन्द्रधनुष । विश्वका कुना कुनाबाट पत्र आए । खाडीको गर्मीमा काम गर्ने श्रमिकले 'खुसी' पढे । वातानुकुलित अमेरिकी विश्वविद्यालयमा अध्यापन गर्नेले पनि 'खुसी' पढे । बेलाइतमा यो पुस्तक पब्लिक लाइब्रेरीलाई राखियो । मलेसिया, जापान, अस्ट्रेलिया जस्ता नाम सुनेका देशबाट मात्र होइन नामै नसुनेको प्रसान्त महासागरका टापुबाट समेत ईमेल आए ।

म सामान्यतया गाली र ताली दुबैबाट सजिलै प्रभावित हुन्न । टेलिभिजनमा लामो अनुभवले मलाइ सिकाएको छ – प्रशंसा र आलोचना एउटै सिक्काका दुइ पाटा हुन् । यति हुदा हुदै पनि, कहिलेकाहि यस्ता घटना घट्छन्, मेरो मनलाइ आफ्नो स्पर्शको मधुरो सुवास दिएर जान्छन् ।

केहि हप्ताअघि दरबार मार्गतिर हिंड्दै थिएँ, आफ्नै सुरमा । एक भद्र महिला अचानक मेरो ठीक सामुन्ने देखा परिन् । निकै सम्पन्न आवरणमा सजिएकी थिइन् ।

मलाइ टोलाएर मायालु भावले हेरिन् । र, हेरिरहिन् । म अलि झस्कें । त्यतिले नपुगेर, उनी मेरो खुट्टा छुने मुद्रामा निहुरिइन् । अब भने म तर्सन थालें ।

'नडराउनुस् विजयजी । तपाइको किताब पढेर मेरा पतिले मदिरा सेवन त्यागनु भो । हाम्रो परिवारमा खुसियाली फर्कियो । त्यसैले आज तपाईलाई देख्दा आफुलाइ रोक्न सकिनं ।'

उनका कुरा सुनेर मैले सन्तोषको लामो सांस फेरे । होइन भने , म त तर्सिसकेको थिए , देवीजीको ईरादा के पो हो भन्ने शंकाले ।

अर्को घटना, म सुनाउन चाहन्छु । दन्त चिकित्सक शुशील कोइरालाको वेटिङ रुममा पालो पर्खंदै थिएँ । एक प्रौढ सज्जन आए । मलाइ देखेर भने :

'विजयजी तपाइको हात दिनुस् त'

'किन सर ?'

'म तपाईंका हात चुम्न चाहन्छु'

म झस्कें । सज्जन कतै समलैङ्गिक त होइनन् सोचेर। तर मेरो सोचलाई ब्रेक लगाउँदै उनले भने:

'अन्यथा नसोच्नुस् । म 'खुसी' लेख्ने हातलाई एक पटक चुम्न चाहन्छु ।'

मैले बडा संकोचसाथ आफ्नो हात बढाएँ ।

तेस्रो घटना बताउँछु ।

हाइ स्कुल पढने एउटी नानीको सन्देसा मेरो फेसबुकको ईनबक्समा आयो 'विजय अङकल ! मेरो ड्याडीसंग रिलेसनमा धेरै टेन्सन थियो । तपाइको किताबको 'सन्तान' भन्ने च्याप्टर पढेर मेरो ड्याडी धेरै बेर रुनुभयो । म आफै पनि रोएँ । त्यसपछि हामीबीच एक नयाँ सम्बन्धको सुरुवात भयो । धन्यवाद छ, विजय अङकल 'खुसी' लेख्नु भएकोमा ।'

यस्ता अनेकौ रंगहरु मिसिएर बनेको छ 'खुसी' । यस्तो बनाउछु भनेर बनेको होइन 'खुसी' । मनको भारी बिसाउँदा बिसाउँदै जे लेखिन पुग्यो, हो, त्यसैको नाम हो 'खुसी' ।

म एक जनाको भोगाइ मात्र होइन 'खुसी' । मेरो मात्र भोगाइको पोको भएको भए अथवा आत्मरतिको पुलिन्दा मात्र भएको भए – ईन्द्रधनुषको परिधि त्यति फराकिलो हुने थिएन ।

समाजको एक ठुलो हिस्साले कतै न कतै त्यो किताबभित्र आफ्नै छाया पाउने थिएन ।

'खुसी'का कयौ पाठक र मेरो भोगाइको 'रूप' फरक होला तर 'सार' एउटै हो । हाम्रो पेशा अलग होला तर पहिचान एउटै हो । हामीले भोगेका दृश्य फरक होलान् तर दृष्टिकोण एउटै हो । हाम्रो भाषा भिन्न होला तर भाव एकै हो ।

आदरणीय अग्रजहरू !
आजको यो दिनमा म आदरणीय डा. ध्रुवचन्द्र गौतमज्यूलाई नमन गर्न चाहन्छु । र, वहाँ मार्फत् नेपाली साहित्यका समस्त अग्रजलाई प्रणाम गर्न चाहन्छु ।

तीन दशकअघि ध्रुव सरले मलाइ शंकर लामिछाने र भूपी शेरचनका पुस्तकसित परिचय गराइदिनु भयो । आफै एक सिद्धहस्त साहित्कार भैकन पनि ध्रुव सरले मलाई आफ्ना किताब पढ्न भन्नु भएन । भूपी र शंकरको सिफारिस गर्नुभयो ।

शंकरको शैली र भूपीको सरलताबाट म चमत्कृत भएँ । भूपीले जुन सहजताका साथ गहन से गहन कुरा अभिव्यक्त गर्छन्, त्यसबाट पाठक चमत्कृत बाहेक के पो हुन सक्छ र ? अबोध्य विषयलाई यति विस्मयकारी सरलताका साथ लेखिदिन्छन्, लाग्छ, भूपीले लेखेका होइनन्, पाठकको मन भित्रै पसेर गुन्गुनाएका हुन् ।

मलाई आज साहित्यका निम्ति मदन पुरस्कार दिइएको छ । ईमान्दारीका साथ भन्ने हो भने – साहित्य लेखौं भनेर मैले 'खुसी' लेखेको होइन । मलाई त साहित्य के हो भन्ने प्रश्नको उत्तर पनि राम्ररी थाह छैन । उत्तर थाहा पाउने जांगर पनि छैन ।

मलाइ त आफ्नो मनको गीतलाई, पाठक मनको संगीतसित सुर मिलाउनु पाए पुग्छ । पाठकको हृदयमा गुन्गुनाउन पाए पुग्छ । मेरो लेख्ने शैलीमा दुइचार पाठक रमाउन सके , मलाई पुग्छ । यदि मेरो दुर्भाग्य वश, एउटै पाठक रमाएनन् भने पनि, मलाई स्वान्तःसुखाय भए पुग्छ ।

आदरणीय गीतकार नगेन्द्र थापाको कालजयी गीत छ :

*मेरो गीत*<br>
*कसैले सुनोस् या नसुनोस्*<br>
*म उभिएको धुलोले सुनोस्*<br>
*म माथिको आकाशले सुनोस् !*

नगेन्द्र थापा झैं म पनि , स्वान्तसुखायका निम्ति, आफ्नो अन्तर्मनको आनन्दका निम्ति लेख्न रुचाउँछु । आफ्नो अन्तर्मनको आनन्दका निम्ति लेख्दै जादा, धेरै पाठकले पढिदिए, सुनमा सुगन्ध थपिन्छ । तर सुगन्ध नथपिदैमा, सुनले आफ्नो गुण छाड्दैन ।

पुरस्कार पाउँला भनेर त लेखेकै होइन । तर मदन परस्कार पाएँ पछि जुन हर्ष

पाए त्यसलाइ लुकाउन पनि चाहन्न । मलाइ मानिसहरु सोध्छन् ‘मदन पुरस्कार पाए पछि अब के लेख्नुहुन्छ ?’

आदरणीय  मित्रहरु – ‘पुरस्कार पाएपछि, म त्यहि लेख्ने छु जो म मदन पुरस्कार नपाएको भए पनि लेख्ने थिएँ । पुरस्कारले मेरो पाइलाको गतिमा उर्जा थपेको छ तर लक्ष्यको दिशामा कुनै परिवर्तन ल्याएको छैन । त्यसैले त सहजै भन्न सक्छु,  म त्यही लेख्नेछु जो पुरस्कार नपाएको भए पनि लेख्ने थिएँ’

आजभोली  एउटा उपन्यासमा काम गर्दैछु । र, एक गैर–आख्यानमा पनि । मैले लेख्दै गरेको गैर–आख्यान चाँहि  अलिकति प्राविधिक विषयसंग पनि गांसिएको छ । मेरो कोशिश रहनेछ, त्यस्तो जटिल  बिषयलाई पनि म एउटा सजिलो लयमा लेख्न सकूँ ।

‘पार्ट टाइम’ समीक्षकका निम्ति साहित्य के हो,  मलाइ थाह भएन । मेरा निम्ति साहित्य शब्दको परिभाषा  त्यसको मूल श्रोतबाट निश्रित हुन्छ । संस्कृतबाट । कतै पढेको थिए – साहित्य शब्दको व्युत्पत्ति ‘सहित + यत्’ मिलेर भएको हो । साहित्य शब्दको माने हुन्छ, शब्द र अर्थ को यथावत सहभाव अर्थात साथ हुनु ।’

नवौ शताब्दीका सुबिख्यात साहित्यकार आचार्य कुन्तक भन्छन् ‘शब्द र अर्थको मनमोहक विन्यास हो साहित्य । साहित्यमा शब्द र अर्थ परस्परमा यति सन्तुलित अवस्थामा होउन् – जहाँ यी दुइ मध्ये कसैको पनि न त अधिकता होस  न न्यूनता नै  ।’

मेरो कोशिस रहनेछ – शब्द र अर्थको मनमोहक सहभाव हुने गरी लेखूँ ।

आदरणीय कमलमणि दीक्षितजी,
तपाई स्वयम् जोडिएको एउटा घटना सुनाउन चाहन्छु । तपाइका निम्ति त, त्यस्ता घटना कति आए कति गए होलान्  । बिर्सी पनि सक्नुभएको होला ।

करिब ३१ बर्ष अघि मदन पुरस्कार पुस्तकालयमा एउटा नवयुवक तपाईलाई भेटन आएको थियो । ऊ किताब लेख्न चाहन्थ्यो । तर तपाईले भन्नुभयो 'बेला भएको छैन । दुई चार बर्ष पर्खेर आउनुहोला ।'

युवक अल्छी थियो । दुइ चार वर्ष होइन,  तीसौं बर्षपछि पो फर्केर आयो त्यो अल्छी युवक ! आदरणीय कमलमणिजी, म त्यही अल्छी हु ,  जसलाई तपाइले दुइचार बर्ष पर्खने सल्लाह दिनुभएको थियो । मलाई आउन अबेर भएकोमा क्षमाप्रार्थी छु ।

भोली कस्ले देखेको छ र ? तैपनि आज भन्न चाहन्छु, 'खुसी' मेरो पहिलो पुस्तक हो, अन्तिम होइन । पुस्तकको संसारमा म रमाउन थालिसकें । लेखन मेरा निम्ति अब संगीत भैसक्यो । बेलाबखतमा, त्यो संगीत माथि शब्दहरु भर्दै गरुँला ।

म आभारी छु पुल्चोक क्याम्पसका सहपाठी मित्र उपेन्द्र महतो प्रति । किन आभारी छु भन्ने उत्तर 'खुसी' भित्रै दिइएको छ । आभारको हकदार  प्रकाशक फाइनप्रिन्ट पनि हो । बिशेष गरी त्यसका प्रमुख कार्यकारी निरज भारी ।

आभारी छु निरज, तिमीले किताब छापिदियौ भनेर होइन । आभारी छु यसकारण, तिमीले मलाई तिनै विषयमा लेख्न हौसायौ, जुन बिषयमा म पोखिन चाहन्थें ।

आजको दिन, आफ्नो रचनाले मदन पुरस्कार पाउँदाको दिन – परमात्मा, गुरुजन, आमा र परिवार  पछि सबैभन्दा बढि कृतज्ञ कसैका छु भने आफ्ना पाठकका प्रति छु । पाठकका  कृपाले यो दिन देख्न पाएँ । 'खुसी'को दोस्रो संस्करण बजारमा चाँडै आउँदैछ, पहिलो संस्करणमा देखिएका तथ्यगत गल्ती सच्चाइएका छन् । मेरा प्रकाशकहरु निकै चलाख छन्, दोस्रो संस्करणको आवरण पृष्ठमा  'मदन पुरस्कार विजेता' भन्ने पहेलो मोहर ठोक्न छुटाउने छैनन् होला ।

अन्तमा,

मदन पुरस्कार गुठीका प्रति आभार व्यक्त गर्न चाहन्छु । मलाई यो मदन पुरस्कारको गरिमा र जिम्मेवारीको बोध छ । तर पुरस्कारको कुनै बोझ छैन ।

जाँदाजाँदै, फेरि फ्रान्सेसी लेखक आन्द्रे मौरिसलाई दोहराउन चाहन्छु 'प्रेममा झैं साहित्यमा पनि हामी अर्काको छनौट देखेर छक्क पर्छौं ।'

'खुसी'ले मदन पुरस्कार पाएको कुरा जब सुनें, म चकित भएँ । निशब्द भएँ । मेरा आंखाबाट आंसु झरे । खुसीका आंसु ।

यति बेर मलाई सुनिदिनु भयो, कृतज्ञ छु है ! माया नमारे, माया सांची राखे !

# गुठीका सदस्य-सचिव श्री कुन्द मणि दीक्षितबाट धन्यवाद ज्ञापन

**आदरणीय अध्यक्षज्यू, लीलामणी पौडेलज्यू सम्मानित विदूषी अङ्गूर बाबाज्यू तथा विजय कुमारज्यू र उपस्थित महिला तथा सज्जनहरू !**

मदन पुरस्कार गुठीको २०७१ सालका पुरस्कारहरु अर्पण गर्ने यस समारोहमा हाम्रो निमन्त्रणा स्वीकार गरेर पाल्नुभएका यहाँहरु सबैलाई गुठीका तर्फबाट र मेरो आफ्नो तर्फबाट समेत हार्दिक धन्यवाद ज्ञापन गर्दछु। तपाईंहरूको गरिमामय उपस्थितिले हाम्रो सन्मान बढेको छ।

लीलामणिज्यू, मैले बुझेसम्म मदन पुरस्कारका समारोहमा तपाईं पाल्नुभएको यो पहिलो पटक हो। हाम्रो निमन्त्रणमा आदरणीय अतिथि भएर आई सभालाई यति गरिमामय सम्बोधन गरिदिनु भएकोमा म तपाईंलाई हृदयदेखि धन्यवाद भन्दछु। तपाईंले नेपाली निजामती सेवामा गर्नुभएको उल्लेख्य योगदान र जागृति अभियानका लागि पनि हामीले तपाईंलाई धन्यवाद भन्नुपर्छ किनभने त्यसले नेपाली जनमानसमा ठूलो चेतना ल्याएको छ।

अङ्गूरबाबाज्यू, सम्मानीया रानी जगदम्बाका स्मृतिमा स्थापित पुरस्कार 'जगदम्बा-श्री' कुनै पनि विदूषीलाई प्रदान गरिएको यो पहिलो अवसर हो। यसअघि यो सन्मान महिलामा एक जना, गायिका तारादेवीलाई मात्र दिइएको थियो। हामीले चढाएको यो सन्मान ग्रहण गर्न स्वीकार गरी पाल्नुभएकोमा म तपाईंलाई ससन्मान धन्यवाद अर्पण गर्दछु।

हुन त मैले ज्ञान जानेदेखि नै तपाईंलाई देख्दै र तपाईंको विद्वत्ताको चर्चा सुन्दै आएको थिएँ तापनि यसरी आज तपाईंलाई सन्मानै गरी धन्यवाद ज्ञापन गर्न पाएकोमा मलाई औधी आनन्द लागेको छ। त्यो मौका प्रदान गर्नुभएकोमा धेरै धन्यवाद !

विजय कुमारजी, आफू पनि पत्रकार नै भएको हुँदा तपाईंलाई आज यसरी सन्मान गर्न पाउँदा मलाई अति आनन्द लागेको छ। तर त्यसो भन्दा मलाई पक्षपातको दोष लाग्न सक्छ, त्यसैले आत्मीयता पटक्कै नदेखाइ म 'मित्रता-निरपेक्ष' रहेर बोल्दैछु। तापाईंले नै आफ्नो "खुसी" मदन पुरस्कारलाई पेश गरेर हामीलाई सन्मानित गर्नुभयो। त्यसका लागि धन्यवाद। त्यसमा थप आज तपाईंले व्यक्त गर्नुभएको उद्गारलाई हामीले खुसीको सौगात मानेका छौँ। किनभने, "खुसी" पुरस्कृत हुँदा तपाईंले निकाल्नुभएको 'खुसीको आँसु'ले हामीहरूलाई पनि भिजाएको थियो। तपाईंलाई धेरैधेरै धन्यवाद !

हाम्रो निम्ता मानेर आज यस कमलमणि थिएटरमा पाल्नुभएका तपाईं सबै अतिथि गणलाई पनि मेरो र गुठीको तर्फबाट धेरै धन्यवाद छ। नाकाबन्दीले आवागमन नै कठिन भएको बेला तपाईंहरूको यस्तो उपस्थितिले हामी दङ्ग परेका छौँ। हामीहरू अनुगृहीत छौँ। तपाईंहरू सबैलाई यथायोग्य धन्धवाद !

रातो बङ्गला स्कूलले सधैँझैँ हामीलाई यस पालि पनि सहयोग गऱ्यो यो अडिटोरियम उपलब्ध गराएर। अब त गुठीले रातो बङ्ला स्कूलको यस्तो सहयोगलाई आफ्नो अधिकारै जस्तो मान्न थालेको छ। रातो बङ्ला स्कूल परिवार, हार्दिक आभार र धन्यवाद !

जगदम्बा प्रेसलाई पनि म धन्यवाद भन्छु किनभने प्रेसले त हाम्रो

गुठीलाई तन, मनले र अब त धनले समेत सहायता सहयोग गर्नथालेको छ । जगदम्बा प्रेसको व्यवस्थापन र कर्मचारी वर्ग समेतलाई म धन्यवाद ज्ञापन गर्दछु ।

मदन पुरस्कार पुस्तकालय (मपुपु) लाई र 'शिक्षक' मासिकलाई धन्यवाद व्यक्त नगरी मेरो आजको धन्यवाद-ज्ञापन कार्य सकिँदैन। उहाँहरूले आज विमोचन भएका हाम्रा अध्यक्षज्यूका तीनोटा किताब यहाँ निःशुल्क वितरण गर्न भनी प्रदान गर्नुभएको छ। म मपुपु-लाई र 'शिक्षक'का पदाधिकारीहरूलाई कृतज्ञतापुर्ण धन्यवाद भन्दछु ।

अब तल चियापानका लागि सबैलाई आमन्त्रित गर्दै अध्यक्षज्यूका आज्ञाले यो सभा यही समाप्त भएको घोषणा गर्छु। सबैको जय होस् !

# मदन पुरस्कार गुठीबारे केही तथ्यहरु :

१. मदन पुरस्कार स्थापना हुने घोषणा सर्वप्रथम २०१२ साल असोज १० गते भएको थियो ।

२. २०१२ साल मङ्सिर २८ गतेका दिन मदन पुरस्कार गुठीको दानपत्रमा सहिछाप भयो । त्यसपछि पुस १ गतेका दिन ल.पु. पोता रजिस्ट्रेसन अड्डामार्फत सो कागत रजिस्ट्रेसन पास भएको हो ।

३. पछि संस्था रजिस्ट्रेसन ऐन, २०१६ बमोजिम २०२० साल कार्तिक ३ गते ललितपुर म्याजिस्ट्रेट अफिस मार्फत यो दर्ता भएको छ र ल.पु. जिल्ला कार्यालयबाट पुनर्नवीकरण हुँदै आएको छ ।

४. २०२५ सालसम्म गुठीले चार-चार हजारका जम्मा चार ओटा पुरस्कार प्रत्येक वर्ष दिन सक्ने व्यवस्था थियो । त्यसपछि दस-दस हजार रुपियाँका दुई ओटा पुरस्कार दिने व्यवस्था भयो। अनि २०३३ सालदेखि एउटा मात्र पच्चीस हजारको, २०४० सालदेखि तीस हजारको, २०४२ सालदेखि चालीस हजारको र २०४३ सालदेखि पुरस्कार पचास हजारको भयो । त्यसपछि २०५१ सालदेखि पुरस्कार १ लाखको दिने गरी नियममा संशोधन गरिएको हो। २०६१ सालको पुरस्कारदेखि भने पुरस्कारको राशि २ लाख रुपियाँको गराइएको छ ।

५. गुठीको मूलधन हाल रु. ३५ लाखको छ। रकम लगानी भई त्यसबाट प्राप्त हुने ब्याजबाट मात्र गुठीले काम चलाउनुपर्छ। मूलधन खर्च गर्ने अधिकार गुठीलाई छैन । खर्चलाई धान्ने रकम नपुगेमा चाहिँ त्यसको बन्दोबस्त अध्यक्षबाट हुँदै आएको छ तर गत वर्षदेखि भने जगदम्बा-श्रीको पुरस्कार-राशी जगदम्बा प्रेसले जुटाइदिने भएको छ ।

६. मदन पुरस्कारसम्बन्धी कार्यप्रणालीमा “एकपटक मदन पुरस्कार पाइसकेका व्यक्तिलाई साधारणत: अर्कोपटक पुरस्कार दिइने छैन” भन्ने पनि हाल थपिएको छ ।

## संवत् २०१३ देखि मदन पुरस्कार प्राप्त गर्नेहरुको पूर्ण विवरण यसप्रकार छ-

(१) २०१३

गद्य- *'हाम्रो लोक संस्कृति' - श्री सत्यमोहन जोशी

सामाजिक शास्त्र- 'जनरल भीमसेन थापा' -श्री चित्तरञ्जन नेपाली

विज्ञान- *'अधिकविभव स्थिरविद्युत् उत्पादक' - डा. बलराम जोशी

(२) २०१४

गद्य- *'मन' - श्री लीलाध्वज थापा

विज्ञान- *'मृत्तिका उद्योग' - श्री करुणाकर वैद्य

(३) २०१५

गद्य- 'कवि व्यथित र काव्यसाधना' - श्री कृष्णचन्द्रसिंह प्रधान

विज्ञान- *'उद्यान' - श्री गंगाविक्रम सिजापति

(४) २०१६

गद्य- *'महाकवि देवकोटा'- श्री नित्यराज पाण्डे

(५) २०१७

पद्य- *'विस्फोट'- श्री भीमनिधि तिवारी

सामाजिक शास्त्र- *'नेपाली राष्ट्रिय मुद्रा' - श्री सत्यमोहन जोशी

(६) २०१८

गद्य- *'नयाँ सडकको गीत'- श्री रमेश 'विकल'

---

* अमुद्रित अवस्थामा पुरस्कृत

(७) २०१९

पद्य- *'आमाको सपना' - श्री गोपालप्रसाद रिमाल

(८) २०२०

पद्य- 'नैषधीय चरित' अनु. - श्री कोमलनाथ अधिकारी

सामाजिक शास्त्र - 'जोसमनी सन्त परम्परा र साहित्य'

- श्री जनकलाल शर्मा

(९) २०२१

गद्य- 'नेपाली भाषा र साहित्य' - श्री बालकृष्ण पोखरेल

पद्य- 'प्राकृत पोखरा' - श्री मुकुन्दशरण उपाध्याय

सामाजिक शास्त्र- *'प्राचीन हिन्दु अर्थशास्त्र' - श्री नवराज चालिसे

विज्ञान- *'वस्त्र-निर्माणकला' - श्री लक्ष्मीबहादुर श्रेष्ठ

(१०) २०२२

गद्य- 'शिरीषको फूल' - सुश्री पारिजात

(११) २०२३

गद्य- 'स्रष्टा र साहित्य' - श्री उत्तम कुँवर

पद्य- 'मानव महाकाव्य' - श्री मोदनाथ 'प्रश्रित'

(१२) २०२४

गद्य- 'एब्स्ट्र्याक्ट चिन्तन प्याज'- श्री शंकर लामिछाने

सा. शास्त्र- 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास'

- श्री ग्रीष्मबहादुर देवकोटा

---

* अमुद्रित अवस्थामा पुरस्कृत

(१३) २०२५

गद्य- 'टिपन-टापन' - श्री पारसमणि प्रधान

पद्य- 'मङ्गली कुसुम' - श्री धर्मराज थापा

(१४) २०२६

साहित्य- 'बेलाइततिर बरालिंदा'

- श्री ताना सर्मा

(१५) २०२७

दर्शन/विज्ञान- 'नेपाली निर्वचनको रूपरेखा'

- श्री महानन्द सापकोटा

(१६) २०२८

दर्शन/विज्ञान - 'कर्णाली लोक संस्कृति'

संयुक्त रूपमा- श्री सत्यमोहन जोशी, श्री स्थिरजङ्गबहादुर सिंह, श्री विहारीकृष्ण श्रेष्ठ, श्री चूडामणि 'बन्धु', र श्री प्रदीप रिमाल

(१७) २०२९

साहित्य - 'आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्'

- श्री ईश्वरवल्लभ

(१८) २०३०

दर्शन/विज्ञान - 'लिच्छविकालका अभिलेख'

- श्री धनवज्र वज्राचार्य

(१९) २०३१ (कसैलाई पनि दिइएन)

(२०) २०३२

साहित्य - 'आगत' - श्री भवानी भिक्षु

(२१) २०३३

(कसैलाई पनि दिइएन)

(२२) २०३४

'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन'

- डा. वासुदेव त्रिपाठी

(२३) २०३५

'घामका पाइलाहरू' - श्री ध.च. गोतामे

(२४) २०३६

'नेपालका परम्परागत प्रविधि'

संयुक्त रूपमा - डा. छविलाल गजुरेल + श्री करुणाकार वैद्य

(२५) २०३७

'नरसिंह अवतार' - श्री जगदीशशमशेर राणा

(२६) २०३८

'नदी किनाराका माझी' - श्री मोहन कोइराला

(२७) २०३९

'माधवी' - श्री मदनमणि दीक्षित

(२८) २०४०

'अलिखित' - श्री ध्रुवचन्द्र गौतम

(२९) २०४१

'प्रत्यागमन' - श्री कञ्चन पुडासैनी

(३०) २०४२

'वैकुण्ठ एक्सप्रेस' - श्री मोहनराज शर्मा

(३१) २०४३

'लिच्छवि संवत्को निर्णय' - श्री नयराज पन्त

(३२) २०४४

'उत्सर्ग प्रेम' - श्री राजेश्वर देवकोटा

(३३) २०४५

'ज्योति, ज्योति, महाज्योति' - श्री दौलतविक्रम विष्ट

(३४) २०४६

'नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषद्को भूमिका'
- श्री राजेश गौतम

(३५) २०४७

'मृत्युञ्जय महाकाव्य' - श्री भानुभक्त पोखरेल

(३६) २०४८

'पागलबस्ती' - श्री सरूभक्त

(३७) २०४९

'पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन (वि.सं. २००७)'
- श्री भवेश्वर पंगेनी

(३८) २०५०

'माध्यमिक नेपाली गद्याख्यान' - श्री शरदचन्द्र शर्मा भट्टराई

(३९) २०५१

'सही शब्द' - फादर विलियम बर्क

(४०) २०५२

'योजनगन्धा' - श्री विनोदप्रसाद धिताल

(४१) २०५३

'नेपाली राष्ट्रिय झन्डा' - श्री दयाराम श्रेष्ठ

(४२) २०५४

'विसर्जन' कथा सङ्ग्रह - श्री लोकेन्द्रबहादुर चन्द

(४३) २०५५

'दु:खान्त नाटकको सृजना परम्परा' - डा. केशवप्रसाद उपाध्याय

(४४) २०५६

'अतिरिक्त अभिलेख' - श्री दिनेश अधिकारी

(४५) २०५७

'नेपालको सिमाना' - श्री बुद्धिनारायण श्रेष्ठ

(४६) २०५८

'अभिनव संस्कृति कोष' - श्री हरिराम जोशी

(४७) २०५९

'नेपाली कानूनको ऐतिहासिक रूपरेखा' - श्री रेवतीरमण खनाल

(४८) २०६०

'नयाँ ईश्वरको घोषणा' - श्री गोपाल पराजुली

(४९) २०६१

'पल्पसा क्याफे' - श्री नारायण वाग्ले

(५०) २०६२

'राधा' - श्री कृष्ण धरावासी

(५१) २०६३

'छापामारको छोरो' - श्री महेशविक्रम शाह

(५२) २०६४

'अन्तर्मनको यात्रा' - श्री जगदीश घिमिरे

(५३) २०६५

'एक हातको ताली' - श्री युवराज नयाँघरे

(५४) २०६६

'नेपालका बालीनाली र तिनको दिगो खेती' - श्री नरबहादुर साउद

(५५) २०६७

'जीवन काँडा कि फूल' - श्री झमक घिमिरे

(५६) २०६८

'सेतो धरती' - श्री अमर न्यौपाने

(५७) २०६९

'दमिनी भीर' - श्री राजन मुकारुङ

(५८) २०७०

'खलंगामा हमला' - राधा पौडेल

(५९) २०७१

'खुशी' - विजय कुमार

७. कुनै साल पुरस्कार वितरण हुन नसकेमा त्यसको रकमबाट विद्वद्वृत्ति दिने पनि नियम छ। आजसम्म निम्न चार जनालाई मदन पुरस्कार विद्वद्वृत्ति प्रदान गरिएको छ-

१. श्री चूडामणि बन्धु - २०२०
२. श्री राममणि रिसाल - २०२३/२४
३. श्री कोमलप्रसाद सुवेदी - २०२५
४. श्री जयराज आचार्य - २०३५/३६

८. श्री कमलमणि दीक्षितको सम्पादनमा गुठीको मुखपत्र त्रैमासिक 'नेपाली' गुठीका समाचार तथा अरू लेख-निबन्धहरू लिएर २०१६ सालदेखि नियमित रूपले प्रकाशित भइरहेको छ।

९. प्रत्येक वर्ष कलकत्तामा डाक्टरी पढ्न जाने दुई विद्यार्थीको छनोट गर्ने काम पनि गुठीले संवत् २०१३-१४ सालदेखि गर्दै आएको छ।

१०. २०४५ सालमा गुठीले छुट्टै पुरस्कार 'जगदम्बा-श्री'को पनि स्थापना गरेको छ।

११. २०६१ साल मङ्सिर २८ गते प्रारम्भ गरेर २०६२ साल मङ्सिर २७ गतेसम्म गुठीको स्वर्णवर्ष विभिन्न कार्यक्रम गरी मनाइयो।

# पुरस्कार जगदम्बा-श्री : सामान्य जानकारी

१. आफ्ना संस्थापिका स्व. रानी जगदम्बाकुमारी देवीको स्मृति चिरस्थायी राख्ने उद्देश्यले गुठीले यो पुरस्कार, जगदम्बा-श्री स्थापना गरेको हो ।

२. गुठीको साधारण सभाद्वारा स्व. रानी जगदम्बाको पैंतालीस दिनको अवसरमा मिति २०४५/६/१/२ का दिन यो पुरस्कार विधिवत् स्थापना भएको हो ।

३. यो पुरस्कार मदन पुरस्कार सरह अर्थात् (हाललाई) रु. २,००,०००।- को छ ।

४. यो पुरस्कार कसरी, कसलाई, कुन प्रक्रियाले दिनु उचित हुन्छ भनी नेपाली बुद्धिजीवीहरूलाई पत्रपत्रिका र नेपाल टेलिभिजनबाट पनि आह्वान गरी सुझाव मागिएको थियो र ती सबै प्राप्त राय सुझावहरूको यथोचित कदर गर्दै गुठीले छलफल गरी मिति २०४५ ।१२ ।३० ।४ का दिन 'जगदम्बा-श्री' सम्बन्धी नियमहरू पारित गऱ्यो । यी नियमहरूको मसौदा गर्ने काम पनि, 'मदन पुरस्कार' स्थापना हुँदा संवत् २०१२ सालमा गुठीको दानपत्र-नियमावलीहरू सबै तर्जुमा गर्ने, श्री शम्भुप्रसाद ज्ञवालीद्वारा नै भएको हो ।

५. ‘जगदम्बा-श्री’ वितरण गर्नेबारेको कार्य-प्रणाली मदन पुरस्कार गुठीको नियमावलीको परिच्छेद ५-क अन्तर्गत नियम ३६ को उप-नियम (क) देखि (ज) सम्ममा परेका छन् । त्यस बाहेक मदन पुरस्कार गुठीको ज्ञापनपत्रको दफा २ (उद्देश्य) अन्तर्गत पनि निम्नअनुसार एउटा उपदफा थपिएको छ :-
“श्रव्य, दृश्य वा अरू किसिमका कृतित्त्वहरूबाट नेपाली वाङ्मयको श्रीवृद्धिमा उल्लेख्य योगदान गर्ने व्यक्ति र शैक्षिक, सामाजिक वा सांस्कृतिक माध्यमबाट नेपाली भाषाको समुन्नतिमा उल्लेख्य योगदान गर्ने व्यक्तिहरू मध्येबाट वर्षैवर्ष छनोट गरी सम्मानयोग्य ठहरिएका व्यक्तिलाई मदन पुरस्कार संस्थापिका स्व. श्री रानी जगदम्बाकुमारी देवीको स्मृतिमा ‘जगदम्बा-श्री’ नामले मदन पुरस्कार सरहको अर्को पुरस्कार प्रदान गर्ने ।”

६. जगदम्बा-श्री पुरस्कारका लागि नेपाली भाषाको सेवालाई नै एक मात्र आधार मानिएको छ । वर्ण, लिङ्ग, धर्म, जात वा जातीयताको कुनै बन्धन वा विशेष ग्राह्यता यसमा रहँदैन। मरणोपरान्त जगदम्बा-श्री पुरस्कार साधारणतया प्रदान गरिंदैन। यस पुरस्कारका लागि आफैले निवेदन दिनु हुँदैन भन्ने इत्यादि कुरा पनि नियमावलीमा परेका छन् र प्रत्येक वर्ष गठन गरिने छनौट समितिले सङ्कलन गरेका नामावलीबाट छानी एकमतले सिफारिस गरेको व्यक्तिलाई यो पुरस्कार दिइन्छ ।

# पुरस्कार जगदम्बा-श्री विवरण :

१. संवत् २०४५ को पुरस्कार श्री नारायणगोपाललाई “तिन दशकभन्दा बढी समयदेखि सङ्गीतको माध्यमबाट नेपाली भाषाका गीतहरूलाई देश तथा विदेशमा समेत लोकप्रिय बनाउनमा उल्लेखनीय योगदान गरे बापत ।”

२. संवत् २०४६ को पुरस्कार मह-जोडी (श्री मदनकृष्ण श्रेष्ठ र श्री हरिवंश आचार्यको जोडी) लाई “श्रव्य, दृश्य दुवै प्रकारले प्रहसनका माध्यमबाट नेपाली भाषालाई देश विदेशमा लोकप्रिय बनाउन प्रशंसनीय कार्य गरे बापत ।”

३. संवत् २०४७ को पुरस्कार सिक्किमका श्री नरबहादुर भण्डारीलाई “नेपाल बाहिर नेपाली भाषा र साहित्यको समुन्नतिमा व्यक्तिगत तथा संस्थागत स्तरमा असाधारण योगदान गरे बापत।”

४. संवत् २०४८ सालको पुरस्कार कवि केदारमान व्यथितलाई “उत्कृष्ट काव्य कृतित्व र विभिन्न संस्थागत माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति आधा शताब्दीभन्दा बढी समयदेखि अनवरत रूपमा सृजनशील र क्रियाशील रही नेपाली भाषा र साहित्यको प्रतिष्ठा बढाए बापत ।”

५. संवत् २०४९ को पुरस्कार नेपाली साहित्य सम्मेलन दार्जीलिङलाई “स्थापनाकाल विक्रम संवत् १९९१ देखि नै नेपाली भाषा र साहित्यको संरक्षण, प्रवर्द्धन र श्रीवृद्धिका निमित्त अनवरत क्रियाशील रही असाधारण संस्थागत योगदान गरे बापत ।”

६. संवत् २०५० को पुरस्कार श्रीमती तारादेवीलाई “गत चारदशकदेखिको अथक साधनाद्वारा गायन कलामा उत्कृष्टता हासिल गरी नेपाली भाषालाई स्वदेशभित्र र बाहिर समेत सङ्गीतको मधुरिमाद्वारा लोकप्रिय बनाई नेपाली वाङ्मयको श्रीवृद्धि गर्नमा उल्लेखनीय योगदान गरिरहे बापत।”

७. संवत् २०५१ को पुरस्कार श्री इन्द्रबहादुर राईलाई “विगत ४५ वर्षदेखि नेपाली साहित्यका साधनामा निरन्तर संलग्न रही कथा, उपन्यास, निबन्ध र समालोचना आदि विविध विधामा नवीन प्रवृत्तिका उत्कृष्ट रचनाहरूद्वारा नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति अति विशिष्ट योगदान गरे बापत।”

८. संवत् २०५२ को पुरस्कार कोहिमा, नागाल्याण्ड, भारतका श्री हरिप्रसाद ‘गोर्खा’ राईलाई “विगत ६ दशकभन्दा बढी समयदेखि अविच्छिन्न रूपले नेपाली भाषा र साहित्यको संवर्द्धनका निमित्त विभिन्न माध्यमबाट उल्लेखनीय सेवा प्रदान गरिरहे बापत।”

९. संवत् २०५३ को पुरस्कार मोगोक, म्यान्मारका श्री ठाकुरप्रसाद गुरागाईंलाई “म्यानमारमा बसोबास गर्ने नेपाली मूलका बर्मेलीहरूका माझमा नेपाली भाषाको प्रचार-प्रसार र संवर्द्धनमा असाधारण योगदान गरी नेपाली भाषालाई जीवित राखेर यसको श्रीवृद्धि गर्नमा समर्पित भए बापत।”

१०. संवत् २०५४ को पुरस्कार गायक कलाकार श्री अम्बर गुरुङलाई “विगत चार दशक यता सङ्गीत-साधनामा निरन्तर लगनशील रही साङ्गीतिक माध्यमद्वारा नेपाली कला र संस्कृतिको उत्थानका साथै नेपाली भाषा साहित्यको श्रीवृद्धि गर्न सशक्त योगदान गरे बापत।”

११. संवत् २०५५ को पुरस्कार वरिष्ठ साहित्यकार श्री गोविन्द-बहादुर मल्ल “गोठाले”लाई “नेपाली भाषा-साहित्यका विविध विधामा-खास गरेर कथा, नाटक र उपन्यासमा- गत पाँच दशकभन्दा बढी समयदेखि उच्च दर्जाका कृतिहरूको सिर्जना गरी नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरे बापत ।”

१२. संवत् २०५६ को पुरस्कार नेपाली शिक्षा परिषद्लाई “भाषा र साहित्यतर्फ निरन्तर सक्रिय रही विभिन्न संस्थागत क्रियाकलापका माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरे बापत ।”

१३. संवत् २०५७ को पुरस्कार जनकविकेशरी धर्मराज थापालाई “श्रव्य-पाठ्य विभिन्न माध्यमबाट आधा शताब्दीभन्दा लामो अवधिसम्म नेपाली भाषाको सेवा गरी नेपाली वाङ्मयको श्रीवृद्धिमा बहुमुखी विशिष्ट योगदान गरे बापत ।”

१४. संवत् २०५८ को पुरस्कार डायमनशमशेर राणालाई “विगत आधा शताब्दिदेखि नेपाली साहित्यको आराधनामा संलग्न भई गद्याख्यानद्वारा उल्लेखनीय योगदान गरिरहे बापत ।”

१५. संवत् २०५९ को पुरस्कार श्रीकृष्णप्रकाश श्रेष्ठलाई “नेपाली भाषाको सिर्जना, अनुसन्धान तथा प्रचार-प्रसारमा कष्टसाध्य रूपमा संलग्न भई चार दशकअघिदेखि नेपाली वाङ्मयको सेवामा समर्पित भइरहे बापत ।”

१६. संवत् २०६० को पुरस्कार श्री अली मियाँलाई "विगत ६ दशकभन्दा बढी समयदेखि लोकगीत गायन र काव्यसृजनाद्वारा नेपाली लोकसंस्कृति तथा नेपाली भाषालाई समृद्ध तुल्याउन निस्पृह, निर्लिप्त र निरन्तर योगदान गरिरहे बापत ।"

१७. संवत् २०६१ को पुरस्कार श्री फणीन्द्रराज खेतालालाई "आधा शताब्दीभन्दा अघिदेखि नेपाली भाषा शिक्षणका साथै अनवरत रूपमा साहित्यसेवामा लागी नेपाली भाषामा उल्लेख्य योगदान गरिरहे बापत ।"

१८. संवत् २०६२ को पुरस्कार श्री भैरव रिसाललाई "गत आधा शताब्दीदेखि नेपाली छापादेखि विद्युतीय माध्यमसम्म पूर्ण रूपले संलग्न रही नेपाली पत्रकारितालाई संवर्द्धन गर्दै नेपाली भाषाको विकासमा अद्यापि उल्लेखनीय योगदान गरे बापत ।"

१९. संवत् २०६३ को पुरस्कार डा. तीर्थबहादुर श्रेष्ठलाई "नेपालीहरूलाई विज्ञानको ज्ञान गराउने कार्यमा संलग्न भई दशकौंदेखि उत्कृष्टताका साथ नेपाली भाषाको सेवामा निरन्तर लागिरहे बापत ।"

२०. संवत् २०६४ को पुरस्कार श्री कृष्णप्रसाद पराजुलीलाई "व्याकरण, गीत, कविता, बालसाहित्य तथा संस्कृति लगायत विविध विधामा अनेकानेक ग्रन्थको सिर्जना गरी नेपाली वाङ्मयको अतुलनीय तथा अनवरत भाषासेवा गरिरहे बापत ।"

२१. संवत् २०६५ को पुरस्कार श्री रामशरण दर्नाललाई “लोकसङ्गीत र बाजाको सङ्कलन, अध्ययन अनुसन्धान तथा लेखनका माध्यमले गत ३ दशकदेखि अनवरत रूपमा कार्यरत रही नेपाली भाषाको श्रीवृद्धिमा योगदान गरिरहे बापत ।”

२२. संवत् २०६६ को पुरस्कार डा. राजेन्द्र विमललाई “गत चार दशकदेखि मिथिला क्षेत्रमा मैथिली भाषी विद्यार्थीहरूलाई नेपाली भाषामा शिक्षित गराई विद्वान् बनाउने पुनीत कार्यका साथै नेपाली भाषामा अनेकानेक ग्रन्थ रचना गरी नेपाली भाषा वाङ्मयलाई समृद्ध तुल्याउने काम समेत गरिरहे बापत ।”

२३. संवत् २०६७ को पुरस्कार कवि श्री दुर्गालाल श्रेष्ठलाई “गत छ दशकदेखि आफ्नो मातृभाषा तथा नेपाली भाषामा अत्यन्त सुमधुर गीत, कविता, काव्य तथा बालसाहित्य लेखी नेपाली वाङ्ग्मयलाई समृद्ध तुल्याउने कार्य गरिरहे बापत ।”

२४. संवत् २०६८ को पुरस्कार संशोधन मण्डललाई “गत छ दशकभन्दा बढी समयदेखि नेपाली इतिहास र संस्कृतिका अतिरिक्त ज्योतिष, गणित, व्याकरण र साहित्यका फाँटमा गुरुकुलीय संगठित र संस्थागत प्रयासबाट प्रामाणिक अनुसन्धान गरी तिनको प्रकाशन तथा प्रचारका लागि ‘पूर्णिमा’ पत्रिकाको निरन्तर प्रकाशन गरेर नेपाली वाङ्मयको सेवा र श्रीवृद्धिमा निरन्तर रूपले उल्लेखनीय योगदान गरिरहे बापत ।”

२५. संवत् २०६९ को पुरस्कार श्री रत्नशमशेर थापालाई "गत पाँच दशकदेखि नेपाली गीत र कविता लेखनमा निरन्तर लागेर नेपाली भाषाको उन्नयन र श्रीवृद्धिमा उल्लेखनीय योगदान गरिरहे बापत।"

२६. संवत् २०७० को पुरस्कार श्री शिव रेग्मीलाई "साहित्यिक पत्रकारिताको अन्वेषण, पत्रपत्रिकाको संकलन, समीक्षा, समालोचना तथा लेखनद्वारा नेपाली भाषाको अविरल रूपमा सेवा गरिरहे बापत।"

२७. संवत् २०७१ को पुरस्कार श्रीमती अङ्गूरबाबा जोशीलाई "नेपालमा नारी शिक्षाको प्रचार प्रसार एवं प्रवर्धनका साथै नेपाली भाषा साहित्यको श्रीवृद्धिमा निरन्तर दीर्घसाधना गरी उल्लेख्य योगदान पुऱ्याइरहे बापत।"

# मदन पुरस्कार गुठीको स्वर्णवर्षमा सम्मानित व्यक्तित्व र संस्थाहरु :

१. श्री आर.डी. 'प्रभास' चटौत

२. श्री घटराज भट्टराई

३. श्री चूडामणि रेग्मी

४. श्री दिलबहादुर नेवार (शिलाङ)

५. श्री भरतराज पन्त

६. श्री मणिराज उपाध्याय

७. श्री रमेश खकुरेल

८. श्रीमती राधिका राया

९. श्री श्यामदास वैष्णव

१०. श्री वसन्तकुमार शर्म्मा नेपाल

११. म्युजिक नेपाल

१२. रत्न पुस्तक भण्डार

# मदन पुरस्कार गुठीबाट मनोनीत भई सम्मानननीया जगदम्बाका सिटमा कलकत्ताका मेडिकल कलेजहरुमा अध्ययन गर्न जाने विद्यार्थीहरु :

| साल | मेडिकल कलेज | आर.जी.कार.मेडिकल कलेज |
|---|---|---|
| १९५६-५७ | एमएल लोढा, जोधपुर | + + |
| १९५७-५८ | तडित्‌कान्ति च्याटर्जी, कलकत्ता | शिशिरकुमार शाह, कलकत्ता |
| १९५८-५९ | नवीनचन्द्र शर्मा, कलकत्ता | नरेन्द्रकुमार शर्मा, बनारस |
| १९५९-६० | सुन्दरमणि आ.दी., ललितपुर | कुमारी पुण्यवती शर्मा, खरसाङ |
| १९६०-६१ | रामनिवास राठी, विराटनगर | गोपालबहादुर श्रेष्ठ, वीरगन्ज |
| १९६१-६२ | केशरसिंह मल्ल, काठमाडौं | गोपालदास जोशी, काठमाडौं |
| १९६२-६३ | प्रदीप शमशेर राणा, काठमाडौं | राजेन्द्रनाथ परुया, कलकत्ता |
| १९६३-६४ | लक्ष्मीलता तुलाधर, काठमाडौं | चित्रलाल भट्टचन, बागलुङ्ग |
| १९६४-६५ | जयाप्रसाद बराल, झापा | अनवर अहमद खाँ, तौलिहवा |
| १९६५-६६ | शेखरबाबु रिजाल, कैलाली | कुमारी कस्तुरी श्रेष्ठ, ललितपुर |
| १९६६-६७ | हेमन्तशमशेर राणा, काठमाडौं | जनककेशर प्रसाईं, इलाम |
| १९६७-६८ | लुइसा राजपुत, ललितपुर | श्यामबहादुर कर्माचार्य, काठमाडौं |
| १९६८-६९ | विजयकुमार शर्मा, तौलिहवा | जोन शर्मा (बर्मा), कलकत्ता |
| १९६९-७० | अरूणकुमार रौनियार, काठमाडौं | अशोकशमशेर ज.ब.रा., काठमाडौं |
| १९७०-७१ | केशवराज शर्मा, नेपालगन्ज | माधवप्रसाद खनाल, नेपालगन्ज |

| | | |
|---|---|---|
| १९७१-७२ | शैलेशकुमार उपाध्याय, विराटनगर | प्रकाशनारायण मल्लिक, जलेश्वर |
| १९७२-७३ | पीयूषराज पाण्डे, काठमाडौं | + + |
| १९७३-७४ | धनराज अर्याल, काठमाडौं | राजेनसुन्दर श्रेष्ठ, ललितपुर |
| १९७४-७५ | ध्रुवनाथ त्रिपाठी, वीरगन्ज | शरदकुमार शर्मा, कपिलवस्तु |
| १९७५-७६ | अमरकुमार देउजा, काठमाडौं | मदन कोइराला, विराटनगर |
| १९७६-७७ | अनिलबहादुर श्रेष्ठ, विराटनगर | कुमारी पवित्रासिंह ढुङ्गाना, चितवन |
| १९७७-७८ | मधु दीक्षित, काठमाडौं | सुरेशकुमार काफ्ले, सुनसरी |
| १९७८-८९ | अञ्जु श्रेष्ठ, ललितपुर | देवेन्द्रनाथ दास, सर्लाही |
| १९८९-८० | विद्यादेव शर्मा, ललितपुर | सुमनशमशेर ज.ब. राणा, वीरगन्ज |
| १९८०-८१ | सङ्गीता अधिकारी, काठमाडौं | तुहीनकान्ति भट्टाचार्य, धनुषा |
| १९८१-८२ | दीना रायमाझी, काठमाडौं | भार्गवमणि दीक्षित, काठमाडौं |
| १९८२-८३ | विनोद राजभण्डारी, काठमाडौं | श्रीकृष्ण भट्ट, बैतडी |
| १९८३-८४ | स्वयम्भूमान तुलाधर, काठमाडौं | चन्द्रमोहन यादव, धनुषा |
| १९८४-८५ | विद्या पराजुली, म्याग्दी | दीपकबाबु श्रेष्ठ, गोरखा |
| १९८५-८६ | सञ्जय लाखे, वीरगन्ज | कुमारी ज्योत्स्ना रिमाल, काठमाडौं |
| १९८६-८७ | अर्पणा रिसाल, ललितपुर | मखलाल श्रेष्ठ, काठमाडौं |
| १९८७-८८ | सङ्गीता श्रेष्ठ, काठमाडौं | जीवनकुमार आत्रेय, बर्दिया |
| १९८८-८९ | अल्पनासिंह, सर्लाही | अजयराज पाण्डे, काठमाडौं |
| १९८९-९० | कमलराज अर्याल, धादिङ | शरदराज सत्याल, काठमाडौं |
| १९९०-९१ | डेला जोशी, काठमाडौं | दिनेश काफ्ले, स्याङ्जा |

| | | |
|---|---|---|
| १९९१-९२ | अपर्ना रिजाल, काठमाडौं | महेश ढकाल, काठमाडौं |
| १९९२-९३ | मनीषा कार्की, धरान | सुबोधकुमार ढकाल, स्याङ्जा |
| १९९३-९४ | सविना भट्टराई, काठमाडौं | कुमारी सलोना श्रेष्ठ, काठमाडौं |
| १९९४-९५ | किरण गजुरेल, काठमाडौं | विवेक शर्मा, दाङ |
| १९९५-९६ | लुना शर्मा, काठमाडौं | सुमितराज अधिकारी, काठमाडौं |
| १९९६-९७ | सजुमा भजु, काठमाडौं | मनोहर बुढाथोकी, सल्यान |
| १९९७-९८ | विनिता शर्मा, काठमाडौं | नेत्रप्रसाद दवाडी, काठमाडौं |
| १९९८-९९ | वीरेन्द्र के.सी., मोरङ | सुनिलकुमार कर्ण, सर्लाही |
| १९९९-२००० | शोभेन्द्र गौतम, काठमाडौं | अरविन्ददेव, सप्तरी |
| २०००-२००१ | सुभाष के.सी., पोखरा | दीप लामिछाने, काठमाडौं |
| २००१-२००२ | इरिना खड्का, काठमाडौं | धर्मागत भट्टराई, मेघौली चितवन |
| २००२-२००३ | सुबज भट्टराई, सिन्धुपाल्चोक | भीष्म पोखरेल, काठमाडौं |
| २००३-२००४ | दीपक गौतम, स्याङ्जा | शनीश गुरुङ, पोखरा |
| २००४-२००५ | सबीन साहू, भक्तपुर | आर्जन खनाल, कास्की |
| २००५-२००६ | पवन शर्मा, पाल्पा | सुरज आले, कास्की |
| २००६-२००७ | दिवस मरासिनी, गुल्मी | सन्तोष ढुङ्गाना, पाँचथर |
| २००७-२००८ | कुमारी निशा शर्मा, काठमाडौं | लक्ष्मण ठाकुर, मोरङ |
| २००८-२००९ | नारायण अधिकारी, काभ्रे | घनश्याम तिमल्सिना, कास्की |
| २००९-२०१० | विनुदा पौडेल, स्याङ्जा | कपिल दवाडी, काठमाडौं |
| २०१०-२०११ | प्रजिना प्रधान, काठमाडौं | मोनाली शाह, धनुषा |

| | | |
|---|---|---|
| २०११-२०१२ | जेनी खरेल, काठमाडौं | शिशिर थापा, कास्की |
| २०१२-२०१३ | शंकर ढुङ्गेल, धनुषा | प्रीति आचार्य, दाङ |
| २०१३-२०१४ | निहारिका पन्त, काठमाडौं | जीत पुन, म्याग्दी |
| २०१४-२०१५ | यानी खरेल, काठमाडौं | ऋतिक देवकोटा, रूपन्देही |
| २०१५-२०१६ | सलिना श्रेष्ठ, सिराहा | सन्तोष उपाध्याय, धादिङ |

संवत् २०७१ को

# जगदम्बा–श्री

तथा

# मदन–पुरस्कार

समर्पण गर्ने समारोह

२०७२।८।१२।७

# गुठीका सदस्यहरू

१. श्री कमलमणि आचार्य दीक्षित ❖
२. श्री कनक मणि दीक्षित ❖
३. श्री कुन्द मणि दीक्षित ❖
४. डा. गोविन्द टण्डन ❖
५. डा. चूडामणि बन्धु
६. डा. चेतबहादुर कुँवर
७. डा. जगमान गुरुङ
८. श्री ठाकुर पराजुली
९. भिक्टर प्रधान
१०. डा. माधव अवस्थी
११. डा. माधव भट्टराई
१२. रथी श्रीधरशमशेर ज.ब.रा. ❖
१३. श्री सुलोचना मानन्धर

---

❖ गुठीका प्रबन्ध-समितिका सदस्यहरू

(जगदम्बा प्रेस प्रा.लि.)